“कृषि, वन, पर्यटन विकास, जलश्रोत, पूर्वाधार
स्वच्छ गाउँ, समुन्नत समाज, कुडारी गा.वि.स.को आधार”

# गाउँ विकास आवधिक योजना

(२०७०/२०७१–२०७४/२०७५)




## कुडारी गाउँ विकास समिति

जुम्ला

भाद्र २०७०

सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा-नेपाल, जुम्ला

संयुक्त राष्ट्र संघ/विश्व खाद्य कार्यक्रम

लिङ्ग/हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल

जिल्ला विकास समिति,जुम्ला

कुडारी गाउँ विकास समिति, जुम्ला

**विषय सूची**

**विषय सूची** १
**शुभकामना** २
**प्रकाशकीय** ३
**१. परिचय** ४

*१.१ पृष्ठभूमी* ....... ४

*१.२ गाउँ विकास आवधिक योजना तर्जुमाको उद्देश्य* ....... ४

*१.३ गाउँ विकास आवधिक योजनाको तयारी विधि* ....... ४

*१.४ गाउँ विकास आवधिक योजना तर्जुमाका सीमा* ....... ५
**२. गा.वि.स.को परिचय, स्थिति विश्लेषण, सबल पक्ष, सवाल/मुद्दा, अवसर र चुनौतिहरु** ५

*२.१ कुडारी गा.वि.स.को संक्षिप्त परिचय* ....... ५

*२.२ स्थिति विश्लेषण* ....... ६

*२.३ सबल पक्ष, सवाल/मुद्दा, अवसर र चुनौति (विश्लेषण)* ....... ७
**३. दीर्घकालीन सोंच, लक्ष्य, विषयगत उद्देश्य, रणनीति र सूचकहरु** १०

*३.१ दीर्घकालीन सोंच* ....... १०

*३.२ लक्ष्य* ....... १०

*३.३ विषयगत उद्देश्यहरु* ....... १०

*३.४ गाउँ विकासका रणनीतिहरु* ....... ११

*३.५ विषयगत सूचकहरु* ....... १२
**४. प्राथमिकता क्षेत्र र सूचकहरु** २५

*४.१ विषयगत क्षेत्र, सूचकहरु, समयावधि र जिम्मेवारी* ....... २५
**५. साझा सरोकारका विषयवस्तु** ३१

*५.१ जलवायु तथा वातावरण* ....... ३१

*५.२ लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं बालमैत्री स्थानीय शासन* ....... ३२

*५.३ गा.वि.स.को क्षमता विकास* ....... ३२
**६. कार्यक्रमको वित्तीय श्रोत प्रक्षेपण** ३३
**७. गा.वि.स.को आन्तरिक श्रोत/राजश्व वृद्धिका सम्भावना तथा क्षेत्रहरु** ३४
**८. आवधिक योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** ३४

*८.१ कार्यान्वयन* ....... ३४

*८.२ अनुगमन तथा मूल्याङ्कन* ....... ३४
**९. सार्वजनिक एवं लैङ्गिक परीक्षण** ३५
**१०. जिल्लाको आवधिक योजना, त्रिवर्षीय अन्तरिम योजना र सहश्राव्दी लक्ष्यमा योगदान** ३५
**११. जोखिम पक्ष र त्यसको न्यूनिकरण** ३८
**अनुसूची १: गा.वि.स.मा काम गरिरहेका विकास साझेदार निकायहरुको विवरण** ३९
**अनुसूची २: अवस्था एवं रिक्तता विश्लेषण** ४०
**अनुसुची ३: गा.वि.स.को संक्षिप्त पार्श्वचित्र** ४५
**अनुसूची ४: कुडारी गा.वि.स.का वडास्तरीय आवश्यकता पहिचान** ५४
**अनुसूची ५: गा.वि.स.को श्रोत नक्साहरु** ६३
**अनुसूची ६: गा.वि.स.को सङ्गठन संरचना र संस्थागत सम्बन्ध** ६४
**अनुसूची ७: सहभागीहरुको उपस्थिति र प्रतिवद्धता** ६५
**अनुसूची ८: कार्यशाला गोष्ठीको उपस्थिती** ६७
**अनुसूची ९: कुडारी गा.वि.स.का न्यूनतम शर्तका सूचकहरु** ६९
**अनुसूची १०: बाली मौसमी पात्रो** ७२

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**जिल्ला विकास समितिको कार्यालय**
**जुम्ला**



## शुभकामना

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय निकायले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा गाउँ विकास समिति कुडारी जुम्लाले **"कृषि, वन, पर्यटन विकास, जलश्रोत, पूर्वाधार, स्वच्छ गाउँ, समुन्नत समाज, कुडारी गा.वि.स.को आधार"** भन्ने दीर्घकालीन सोंचका साथ गाउँ विकास आवधिक योजना तर्जुमा गरेकोमा हार्दिक प्रशन्नता व्यक्त गर्दै यस आवधिक योजनाले कुडारी गा.वि.स.को समग्र विकासमा सार्थक योगदान पुऱ्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।यस कार्यमा सम्बन्धित गा.वि.स.मा रहनु भएका राजनैतिक दल, नागरिक समाज, पत्रकारजगत, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाले पुरा गर्नुपर्ने लक्ष्यहरुलाई हरेक वर्ष योजना तर्जुमा गर्दा, कार्यान्वयन गर्दा र समीक्षा गर्दा आत्मबोध गर्ने, हेक्का राख्ने र समेटेर सँगसँगै लैजान पनि यसै मार्फत अनुरोध गर्नचाहन्छु। साथै आवधिक योजना निर्माण कार्यमा आर्थिक सहयोग गर्ने संयुक्त राष्ट्र संघ/विश्व खाद्य कार्यक्रम र प्राविधिक सहयोग गर्ने लिङ्क/हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु।

**धन्यवाद !**

**अर्जुनकुमार थापा**
स्थानीय विकास अधिकारी
जिल्ला विकास समितिको कार्यालय, जुम्ला
मितिः भाद्र २०७०

**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**गाउँ विकास समितिको कार्यालय**
**कुडारी, जुम्ला**



## प्रकाशकीय

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुरुप हरेक गा.वि.स.ले गाउँ विकास आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ । गाउँ विकासको दीर्घकालीन सोंच, उद्देश्य र रणनीति तय गर्दै स्थानीय साधन र स्रोतहरुको अधिकतम परिचालन गरीयस गाउँ विकास आवधिक योजनाले समग्र विकासमा सहयोग पुऱ्याउने कुरा निश्चित छ । विकेन्द्रीकृत शासन व्यवस्थामा गाउँ विकास आवधिक योजनाले समावेशी र सहभागितात्मक प्रक्रियाबाट यस गा.वि.स.का समुदायहरुको आधारभूत आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्दै जाने विश्वास समेत लिईएको छ ।

यस योजना निर्माणमा सहयोग पुऱ्याउने जिल्ला विकास समिति, लिङ्क/हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल, संयुक्त राष्ट्र संघ/विश्व खाद्य कार्यक्रम र सहजीकरणमा सहयोग गर्ने सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा नेपाल जुम्ला र अन्य सरोकारवालाहरुको सामूहिक प्रयासमा यो "कुडारीगाउँ विकास आवधिक योजना" तयार भएको छ । यस कार्यमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण संस्था, व्यक्ति र कुडारी गाउँ विकास समितिकासमुदाय, वडा नागरिक मञ्च, एकिकृत योजना तर्जुमा समितिका सदस्यहरु,समाजसेवी, नागरिक समाज एवं राजनीतिक दललाई धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उपलब्धिहरु हासिल गर्नमा जिल्ला तथा गा.वि.स.मा कार्यरत सम्पूर्ण सरकारी, गैरसरकारी, विकास साभ्mेदार संस्थाहरुतथा राजनीतिक दलहरुबाट पूर्ण सहयोगको अपेक्षा राख्दै यसको प्रभावकारी कार्यान्वयनमा गाउँ विकास समितिको तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद !**

मन्दिरनाथ योगी
सचिव
गाउँ विकास समितिको कार्यालय, कुडारी, जुम्ला
मितिः भाद्र २०७०

# १. परिचय

## १.१ पृष्ठभूमी

नेपालमा वि.सं. २०१३ सालदेखि योजनावद्ध रूपले विकासको थालनी भए तापनि लामो अवधिसम्म स्थानीय निकायहरुको अग्रसरतामा दीर्घकालीन सोंच बनाएर योजनावद्ध विकासको अभ्यास गर्ने परिपाटीले मूर्त रुप लिन सकेको देखिंदैन । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ लागू भएपछि स्थानीय निकायहरूमा विकास निर्माण सम्बन्धी कार्यको उत्तरदायित्व र जिम्मेवारी वहन गर्नुपर्ने दायित्व सिर्जना भएको छ । उक्त ऐन र नियमावली अनुसार प्रत्येक गा.वि.स.ले आफ्नो गा.वि.स. क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । हालै मात्र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट थालनी गरिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनमा पनि आवधिक योजना तर्जुमा गरी वार्षिक योजना तयार गरिएको कार्यलाई कार्यसम्पादनको सूचकको रुपमा राखिएको छ । स्थानीय स्वायत्त शासन ऐनको दफा ४३ (१) बमोजिम हरेक गाउँ विकास समितिले आफ्नो आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायहरुको आवधिक एवं वार्षिक योजना निर्माण गर्न निर्देशिका (Guideline) समेत तयार गरी कार्यान्वयनमा ल्याएको छ । आवधिक योजनाले गाउँ विकास समितिभित्र गरिने सम्पूर्ण क्रियाकलापहरुमा आपसी अन्तरसम्बन्ध कायम गरी पारदर्शी र जवाफदेही तवरबाट विभिन्न विकास साझेदार निकायहरु समेतको समन्वय र सहयोगमा कार्यान्वयन गर्न सहयोग पुऱ्याई स्थानीय नागरिकका मागहरुलाई प्रभावकारी र योजनावद्ध रुपमा सम्बोधन गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ ।

कुडारी गा.वि.स. क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य एवं कार्यक्रमहरु निर्धारण गरी तोकिएको अवधिमा निश्चित उपलब्धिहरु हाँसिल गर्नकालागिर स्थानीय सुशासनको सबलीकरण गर्नकालागि आवधिक योजनाको आवश्यकता महशुस भएको हो । गा.वि.स.का आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्न यो आवधिक योजना तयार गरिएको छ । यस योजना निर्माणमा सहयोग पुऱ्याउने जिल्ला विकास समिति, लिङ्क/हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल, संयुक्त राष्ट्र संघ/विश्व खाद्य कार्यक्रम र सामाजिक जागरण तथा विकास प्रतिष्ठान, सादा-नेपाल जुम्ला र यस गा.वि.स.मा कार्यरत सबै सरोकारवालाहरुको सामूहिक प्रयासमा यो “गाउँ विकास आवधिक योजना” तर्जुमा गरिएको छ ।

## १.२ गाउँ विकास आवधिक योजना तर्जुमाको उद्देश्य

आवधिक योजना तयार गर्नुको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- गा.वि.स.मा विकास कार्यहरुका लागि प्राप्त साधन र श्रोतको अधिकतम परिचालन, उपयोग तथा थप श्रोत र साधनहरुको खोजी गर्ने ।
- स्थानीयस्तरमा विकास र निर्माण सम्बन्धी कार्यक्रमहरुमा अन्तरसम्बन्ध स्थापनाका साथै काम गर्ने निकाय/संस्थाहरुबीच समन्वय तथा सहकार्यको प्रवर्द्धन गर्ने ।
- आवधिक योजनाको आधारमा वार्षिक योजनाको तर्जुमा तथा कार्यान्वयन गरी स्थानीय नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्ने कार्यलाई संस्थागत गर्ने ।

## १.३ गाउँ विकास आवधिक योजनाको तयारी विधि

गाउँ विकास आवधिक योजनाको निर्माण तीन चरणमा गरिएको छ । **तयारी चरण** अन्तर्गत केन्द्र र स्थानीय स्तरका सरोकारवाला बिच सम्पर्क, समन्वय र सहकार्य गर्ने विषयमा केन्द्र, जिल्ला तथा गा.वि.स./वडा स्तरमा छलफल गरिएको थियो । सहजकर्ताको छनौट एवं प्रशिक्षण, सरोकारवालाहरु बिच समझदारी पत्र निर्माण गरी भूमिका र जिम्मेवारीहरु बाँडफाँड गरिएको थियो ।

**विकास चरणमा** गा.वि.स. स्तरमा समावेशी एकिकृत योजना तर्जुमा समितिको गठन तथा त्यसको सुनिश्चितताका साथै समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिम, आधारभुत सूचनाहरु सङ्कलन, विश्लेषण,

आवश्यकता र अवसरहरु पहिचान एवं प्राथमिकता निर्धारण गरीसूचकमा आधारित दस्तावेज तयार गर्ने कार्य समेत यस चरणमा गरिएको थियो ।

**कार्यान्वयन चरणमा** यस दस्तावेजलाई गा.वि.स. परिषद्बाट प्रतिवद्धता सहित अनुमोदन गरीयसैको आधारमा वार्षिक योजना निर्माण गरि कार्यान्वयनकालागि प्रस्तुत गरिएको छ । योजनाको प्रभावकारी कार्यान्वयनका साथै अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई पनि स्थानीय स्तरमा स्थापित गरिनुका साथै बार्षिक, मध्यावधि र अन्तिम समिक्षा गरि उपलब्धिहरुको लेखाजोखालाई संस्थागत गर्नगाउँ विकास समितिको पाँच वर्षको आवधिक योजना जारी गरिएको छ ।

आवधिक योजना तर्जुमा गर्दा गा.वि.स.को वर्तमान अवस्थाको क्षेत्रगत विश्लेषण गरी आगामी ५ वर्षभित्र गा.वि.स.लाई कुन अवस्थामा पुऱ्याउने भन्ने दूरदृष्टि, लक्ष्य, उद्देश्य एवं क्षेत्रगत साझा सरोकारका विषयहरुलाई सूचकमा निर्धारण गरी आवधिक योजना तयार गरिएको छ । सूचकहरुलाई आधार मानी गाउँ विकास समितिले कार्यक्रमको निरन्तर समीक्षा गर्दै आफ्नो वार्षिक योजना बनाउने परिपाटी अवलम्वन गरी विस्तृत क्रियाकलापका साथै वार्षिक कार्यक्रम बजेट तर्जुमा गरिने छ ।

## १.४ गाउँ विकास आवधिक योजना तर्जुमाका सीमा

आवधिक गाउँ विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममुखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता एवं अपरिहार्य रुपमा क्षेत्रगत लक्ष्य, उद्देश्य र उपलब्धिका सूचक समावेश गर्ने प्रयास गरिएको थियो । साथै गा.वि.स.मा कार्यरत सबै सरकारी, गैरसरकारी र जिल्ला स्थित विषयगत कार्यालय एवं सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको थियो ।

- यस योजनाको तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास भए तापनि कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागिता हुन सकेन ।
- गा.वि.स.को आवधिक योजना निर्माण गर्ने प्रक्रियामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा केही सूचनाको अनुपलब्धताका कारणले कतिपय सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचक निर्धारण गरिएको छ ।
- केन्द्रीय स्तरको प्रत्यक्ष लगानीबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम बजेट प्रक्षेपणमा समावेश गरिएको छैन ।

# २. गा.वि.स.को परिचय, स्थिति विश्लेषण, सबल पक्ष, सवाल/मुद्दा, अवसर र चुनौतिहरु

## २.१ कुडारी गा.वि.स.को संक्षिप्त परिचय

जुम्ला जिल्लामा रहेका ३० वटा गा.वि.स.हरु मध्ये कुडारी पनि एक हो । यस गा.वि.स.को पूर्वमा तातोपानी र ताम्ती गा.वि.स.को केही भाग पशिचममा रारालिही र कालिकाखेतु गा.वि.स., उत्तरमा बड्की गा.वि.स. र दक्षिणमा मालिकाठाँटा गा.वि.स.सँग जोडिएको छ । विश्व मानचित्रमा २९०१६'३०" उत्तरी अक्षाशं र ८१०२'३०" पूर्वी देशान्तर सम्म फैलिएकोयो गा.वि.स. समुन्द्र सतहदेखि २३०० मिटर देखि ३६०० मिटरमा अवस्थित छ । २८१३ हेक्टर क्षेत्रफलमा कुडारी गा.वि.स.फैलिएको छ ।यस गा.वि.स.को तापक्रम -५°C देखि अधिकतम ३०°C सम्म हुन्छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडिपी) को आधारभुत सर्भेक्षण अनुसार यस गा.वि.स.को १०४६ घरधुरीमा कूल जनसंख्या ६२०३ छ, जसमध्ये महिला४८.८३ प्रतिशत छ । यो गा.वि.स. जिल्ला सदरमुकाम खलङ्गा जुम्लाबाट १२ कोश टाढा पर्दछ ।यस गा.वि.स.को सामाजिक रितिरिवाज र चाड पर्वमा वडा दशै, तिहार, चैते दशै, साउने संक्रान्ति, कात्तिक पैठ र देउडा आदि रहेका छन् । यस गा.वि.स.मा पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो भेषभुषाका रुपमा लगाउने गर्दछन् ।

## २.२ स्थिति विश्लेषण

**जनसंख्या**

१०४६ घरधुरीमा कुल जनसंख्या ६२०३  मध्ये ३ वर्षसम्म उमेरका १८.६९ प्रतिशत, ४ देखि १५ का २७.२४ प्रतिशत, १६ देखि ६० वर्ष उमेरका ४८.३४ प्रतिशत र ६० देखि माथिका ५.५१ प्रतिशत रहेको छ । जातीय रुपमा दलित, जनजाति, क्षेत्री, ब्राम्हण जातीको बसोबास रहेको छ ।

**प्राकृतिक श्रोत, कृषि, वन वातावरण र खाद्य सुरक्षा**

कुडारी गा.वि.स.को कुल क्षेत्रफल २८१३ हे.मध्ये ६८३ हे. क्षेत्रफल वनजङ्गल, १३४२ हे.क्षेत्रफल नदीनाला र ७८८हे.खेतीयोग्य जमिनले ओगटेकोछ ।यस गा.वि.स.को ५१.२४प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् तापनि आफ्नो उब्जनीबाट ३ महिना मात्र खान पुग्ने घरधुरी ५१.५२ प्रतिशत, ३ देखि ६ खान पुग्ने ३९.४८ प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने ८.६० प्रतिशत र ९ देखि १२ महिनासम्म खान पुग्ने १.५२ प्रतिशत रहेको छ । ५१.२४ प्रतिशत घरधुरीले आफ्नो श्रमबाट र ४८.७४ प्रतिशत वैदेशिक तथा मौसमी रोजगारबाट प्राप्त आयबाट जीविकोपार्जन गरेका छन् । यस गा.वि.स.को औषत उत्पादन ०.४७ टन प्रति हेक्टर देखिएको छ, जुन राष्ट्रिय औषत उत्पादन (२.८ मे.टन/हे.) भन्दा कम देखिन्छ । कृषि र गैरकृषि जन्य व्यवसाय प्रवर्द्धनका लागि १ एग्रोभेट, १ सेलार स्टोर, हाट बजार भए पनि आधारभूत पूर्वाधारहरुको कमी देखिएको छ । कर्णाली लोकमार्गसँग जोडिएकोले स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य वस्तुले सहज रुपमा बजार पाउने गरेको पाईन्छ तर बजारको माग अनुसार उत्पादन पुऱ्याउन उन्नत प्रविधिको विकास गर्नुपर्ने स्थिति छ ।

गा.वि.स.भित्र नुवाकोट, सापुल्ली, दानीवाडा, जोगीवाडा, सार्कीवाडा, कठायतवाडा, थापागाउँ, रावतवाडा र पाडालुमसेराका ६३७ घरधुरी भू-क्षय बाढीपहिरो र डढेलोबाट प्रभावित हुने गर्दछन् । गा.वि.स.का १०४६ घरधुरीहरु ११ वटा सामुदायिक वनमा आवद्ध छन् । जलवायु परिवर्तन र त्यसको असर न्यूनिकरण गर्ने संस्थागत एवं विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई**

कुडारी गा.वि.स.मा ९ वटा बालविकास केन्द्र, ५ वटा प्रा.वि., ३ वटा नि.मा.वि. र १ वटा उ.मा.वि छन् भने ११ वटा भवन र ५३ वटा कक्षा कोठा रहेका छन् । ७३ प्रतिशत साक्षरता रहेको यस गा.वि.स.मा महिला साक्षरता ७३ प्रतिशत छ । स्कूल जाने उमेर समूहका बालबालिकाहरुको भर्ना दर प्रतिशत क्रमशः ८९ प्रतिशत देखिएको छ तापनि विद्यालय छाड्ने दरको प्रतिश १० प्रतिशत देखिन्छ । विद्यालय छोड्नाका मुख्य कारणहरुमा घरायसी कामकाज र आर्थिक समस्याहरु रहेका छन् । गाविसमा ९८ प्रतिशत जनसंख्यामा एकिकृत स्वास्थ्य सेवा पुगेकाले बाल मृत्युदर र मातृ मृत्यु दरमा कमी आएको देखिन्छ । १०० प्रतिशत आमा र शिशुले खोपको पूर्ण मात्रा प्राप्त गरेको देखिन्छ भने गा.वि.स.बाट स्वास्थ्य सेवाको पहुँच औषत २ घण्टाको समयमा पुगे तापनि थप तालिम प्राप्त स्वास्थ्यकर्मी, औषधी, उपकरण एवं भौतिक पूर्वाधार आदिको अभावले समयमा स्वाथ्य सेवा उपलब्धतामा बाधा परेको देखिन्छ ।गा.वि.स.मा ४४ कुपोषित जनसंख्या देखिन्छ । पाइपद्धारा वितरित खानेपानी ८९१ (८५ प्रतिशत) घरधुरीले पाएका छन् भने९५ प्रतिशत घरधुरीले शौचालय प्रयोग गर्ने गरेका छन् । यसबाट गा.वि.स.मा ५ प्रतिशत थप शौचालय निर्माण र सरसफाईमा सुधार गर्नुपर्ने देखिन्छ ।

**भौतिक तथा सामाजिक पूर्वाधार**

यस गा.वि.स.मा ५ कि.मी कृषि सडक निर्माणाधिन अवस्थामा रहेको छ । १ वटा झोलुङ्गे पुल निर्माण गरिएको र १ वटा निर्माणाधिन अवस्थामा छ । ९ वटा विद्यालयमा २१ वटा कक्षाकोठा मर्मत गर्नुपर्ने अवस्थामा रहेको छ । स्वास्थ्य चौकीको भवन प्रयोग योग्यभएकोयस गा.वि.स.मा सामुदायिक भवन ६ वटा रहेको अवस्था छ ।

**जलश्रोत, विद्युत, नविकरणीय उर्जा र सञ्चार**

यस गा.वि.स.मा तीला नदी, भेरीखोला र खाडेखोला रहेका छन् । ७८८ हे. खेतीयोग्य जमिन मध्ये ९ वटा सिंचाई कुलोबाट जम्मा ६० हेक्टरमा मात्र मौसमी सिंचाई सुविधा पुगेको छ । २ वटा जल विद्युत निर्माणाधिन अवस्थामा रहेको यस गा.वि.स.मा ६९० घरधुरीले नविकरणीय उर्जा (सौर्य उर्जा) प्रयोग गरिरहेका छन् । यस गा.वि.स.का ९४८ घरधुरीमा मोबाईल सुबिधा प्रयोग गर्ने गरेका छन् ।

**सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था**

यस गा.वि.स.मा दलित २४.३७ प्रतिशत, जनजाती ०.०९ प्रतिशत, ब्राम्हण २९.४४ प्रतिशत, क्षेत्री र ठकुरीको १६.०६ प्रतिशत बसोबास रहेको छ । छुवाछुत, छाउपडी, धामीझाँक्री प्रथा, अन्धविश्वास जस्ता सामाजिक कुरितीहरु यस गा.वि.स.मा अँझै विद्यमान छन् । यस गा.वि.स.को सामाजिक रितिरिवाज र चाडपर्वहरुमा बडा दशैं, तिहार, चैते दशैं, सक्रान्ती, कार्तिक पैठ र देउडा आदि रहेका छन् । गा.वि.स.मा पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यु, चोली, पारम्परिक भेषभुषाको रुपमा लगाउने गर्दछन् । पछिल्लो तथ्याङ्क अनुसार यसगा.वि.स.मा ५१.५२ प्रतिशत परिवार गरीबीको रेखामुनी रहेका छन् भन फरक क्षमता भएका व्यक्तिहरु हाल ४७ जना रहेका छन् । यस गा.वि.स.मा ऐतिहासिक महत्वका स्थानहरुमा जोगीवाडा, भैरव, त्रिवेणी शिव मन्दिर र नुवाकोट नौओखल जस्ता पर्यटन तथा धार्मिक स्थलहरु रहेका छन् ।

**सुशासन एवं संस्थागत विकास**

यस गा.वि.स.मा विगतमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले काम गरेका भएपनि हाल स्थानीय निकाय जि.वि.स र गा.वि.स.को सहकार्यमा विभिन्न १३ वटा गैर सरकारी संस्थाहरुले कृषि, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका क्षेत्रमा काम गरिरहेको छन् । गा.वि.स.को समग्र सेवा प्रवाहको स्थिति, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी, पारदर्शिता, जवाफदेहिता, सामाजिक तथा लैंगिक परिक्षण, वार्षिक लेखापरिक्षण गर्ने, वडा नागरिक मञ्च, एकिकृत योजना तर्जुमा समिति तथा अन्य समितिहरुको नियमित वैठक, कार्यकम र वजेटको सार्वजनिकीकरण जस्ता कुराहरु खासै संस्थागत हुन नसकेको स्थिति छ । कार्यक्रमहरुमा विकास साझेदार संस्था (सहकारी, बाल क्लव, महिला समूह, पिछडिएका वर्ग, नागरिक सचेतना केन्द्र, वन उपभोक्ता समितिहरु) को उल्लेख्य सहभागिताहुन सकेको देखिएको छैन । गाउँ विकास आवधिक योजनाको निर्माण पश्चात क्षेत्रगत योजनाहरुको कार्यान्वयनसँगै यस गा.वि.स.मा सुशासन प्रवर्द्धनमा यस योजनाले कोशे ढुङ्गाको रुपमा काम गर्ने अनुमान गर्न सकिन्छ ।

## २.३ सबल पक्ष, सवाल/मुद्दा, अवसर र चुनौति (विश्लेषण)

### सबल पक्ष

- कर्णाली राजमार्गको स्तरोन्नति भईरहेको ।
- जिल्लाले एक घर एक बगैचा नीतिको अवलम्वन ।
- पानीको श्रोतहरुको उल्लेख्य उपलब्धता ।
- कृषिजन्य उत्पादनका लागि अनुकुल हावापानी ।
- कृषि क्षेत्रको विकासमा विभिन्न संघसंस्थाको लगानीमा वृद्धि भईरहेको अवस्था ।
- त्रिवेणीलाई ग्रामीण पर्यटन क्षेत्र बिस्तार ।
- विद्यालय सुधार कार्यक्रम कार्यान्वयन ।
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यान्वयनको थालनी ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ कार्यान्वयनमा अभ्यासको थालनी भएको ।
- गा.वि.स.का २ वटा स्थानमा जल विद्युत निर्माणाधिन ।
- नविकरणीय उर्जा बिस्तारको लागि अनुदान नीति ।
- गा.वि.स.मा ५ कि.मी. ग्रामीण कृषि सडक निर्माणाधिन अवस्थामा रहेको ।
- गाउँ विकास आवधिक योजना निर्माणाधिन अवस्थामा रहेको ।
- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र मार्फत पारदर्शीताका बारेमा नियमित अनुशिक्षण ।

**मुख्य सवाल/मुद्दाहरु, अवसर र चुनौतिहरुः**

| क्र.स. | विषयगत क्षेत्रहरु | मुख्य सवाल/मुद्दाहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| १. | **आर्थिक विकास** | | | |
| १.१ | कृषि | - कृषकहरुमा क्षमता विकासको कमी<br>- उन्नत बीउ बिजनको कमी<br>- नयाँ कृषि प्रविधिको कमी | - पानीका श्रोतहरुको उपलब्धता<br>- कृषि क्षेत्रको विकासमा | - कृषिमा एकिकृत अनुदान नीतिको अभाव |

| क्र.स. | विषयगत क्षेत्रहरु | मुख्य सवाल/मुद्दाहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| | | - सिंचाईको कमी<br>- परम्परागत खेती प्रणाली<br>- कृषि प्रसार सेवा र सामग्रीहरुको कमी<br>- सङ्कलन केन्द्रको अभाव | विभिन्न संघसंस्था एवं स्थानीय निकायहरुको जोड एवं लगानीमा वृद्धि | - राजनीतिक अस्थिरता<br>- बजारमा सिमित पहुँच |
| १.२ | गैरकृषिमा आधारित (सीप तथा रोजगारी) | - सहकारी सम्बन्धी ज्ञानको अभाव<br>- कृषि सम्बन्धी दक्ष जनशक्तिको अभाव<br>- बेरोजगारी, घरेलु उद्योगको स्थापना हुन नसक्नु<br>- परम्परागत सीपको स्तर वृद्धि हुन नसक्नु | - युवा स्व:रोजगार कोषको कार्यान्वयन<br>- कच्चा पदार्थको उपलब्धता<br>- संघसंस्थाहरुको क्रियाशिलता<br>- सडक सञ्जाल जोडिएको बजार भएको | - श्रोतको अपर्याप्तता<br>- राजनीतिक अस्थिरता |
| १.३ | वन तथा वातावरण | - चेतनाको अभाव<br>- छाडा चरीचरन<br>- वृक्षारोपणको अभाव एवं अनियन्त्रित वन फँडानी<br>- वातावरण संरक्षणका क्रियाकलापहरुको कमी (वृक्षा रोपण, भू-क्षय, आगजनी)<br>- वन क्षेत्रको संरक्षण एवं सम्वर्द्धनमा कमी<br>- जडिबुटीहरुको अनियन्त्रित सङ्कलन | - वन संरक्षणका लागि राष्ट्रिय नीति<br>- वन विकास कार्यक्रम प्रति संघसंस्था तथा स्थानीय निकायहरुको क्रियाशिलता<br>- सामुदायिक वनको अभ्यास | - नीतिगत पारदर्शिता एवं कार्यान्वयको अभाव<br>- वन क्षेत्रको अतिक्रमण<br>- शिक्षाको गुणस्तरता |
| **२.** | **सामाजिक विकास** | | | |
| २.१ | शिक्षा | - अशिक्षा र अज्ञानता<br>- विद्यालयमा पर्याप्त विषयगत शिक्षकको कमी<br>- विद्यालयमा अभिभावकको अनुगमन नहुनु<br>- व्यवस्थित कक्षाकोठा, फर्निचर, स्वच्छ खानेपानी तथा शौचालयको कमी<br>- पुर्ण बालमैत्री विद्यालय नभएको अवस्था | - विद्यालय सुधार कार्यक्रम<br>- शिक्षाको नीतिमा अनुगमन संयन्त्रको व्यवस्था<br>- बालमैत्री स्थानीय शासन<br>- शिक्षा क्षेत्रमा लगानी वृद्धि<br>- शिक्षा प्रति नागरिकहरुको चेतनामा वृद्धि | - श्रोतको पर्याप्तता<br>- शिक्षा नीति कार्यान्वयमा राजनीतिक हस्तक्षेप |
| २.२ | स्वास्थ्य | - भूगोल र जनसंख्याको आधारमा स्वास्थ्य संस्थाहरु नहुनु<br>- पानीजन्य रोगहरुको समस्या<br>- प्रसुति गृहको भवन र उपकरणको अभाव<br>- गुणस्तरिय र पर्याप्त औषधी र सामग्रीहरुको अभाव<br>- दक्ष स्वास्थ्यकर्मीको अभाव<br>- स्वास्थ्य सामग्रीहरुको अभाव<br>- स्ट्रेचरको अभाव | - स्वास्थ्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको लगानीमा वृद्धि | - रोगको महामारी<br>- सरकारले गा.वि.स.मा वितरण गर्ने औषधीको गुणस्तर |

| क्र.स. | विषयगत क्षेत्रहरु | मुख्य सवाल/मुद्दाहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| २.३ | दलित, महिला, अपाङ्ग, असहाय, वृद्ध | - जातीय तथा लैङ्गिक विभेद<br>- स्थानीय सीप प्रवर्द्धनमा अभाव<br>- लक्षित वर्गको क्षमता विकासको अभाव<br>- प्रजनन् स्वास्थ्य, छाउपडि तथा पाठेघर खस्ने समस्या<br>- फरक क्षमता (अपाङ्ग), असहाय र वृद्ध लक्षित कार्यक्रमहरु कार्यान्वयनको कमी<br>- लक्षित समुदायका लागि सामुदायिक पूर्वाधारको कमी | - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति<br>- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यान्वयनको थालनी<br>- सामाजिक सुरक्षा नीति | - सचिवहरुको कार्यबोझ<br>- स्थानीय तहमा नीतिहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमनको अभाव<br>- राजनीतिक हस्तक्षेप |
| | बालबालिका | - बालमैत्री सुशासन कार्यक्रमहरु कार्यान्वयनको कमी<br>- बालविवाह कायमै रहेको अवस्था<br>- ठोस बालबालिका केन्द्रित योजना नभएको<br>- बाल विकास कोषको स्थापना नभएको | - बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति<br>-सरकारको बालबालिकाको स्पष्ट नीति भएको<br>- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यान्वयनको थालनी | - राजनीतिक हस्तक्षेप |
| २.४ | सामुदायिक पूर्वाधार | - दिवा खाजाको लागि भान्सा तथा गोदाम घरको अभाव<br>- विद्यालय भवनहरुको अवस्था जीर्ण रहेको<br>- सार्वजनिक शौचालयको कमी<br>- सामुदायिक भवनको कमी | - दातृ निकायहरुको ग्रामीण क्षेत्रमा काम गर्ने चासो बढिरहेको अवस्था<br>- शिक्षा क्षेत्रमा लगानी गर्ने निकायहरुको बढ्दो क्रम | - श्रोतको पर्याप्तता<br>- सामुदायिक भवनहरुको संरक्षण र दीगो व्यवस्थापन |
| **३.** | **जलश्रोत विकास तथा विद्युतिकरण** | | | |
| ३.१ | जलश्रोत विकास | - खानेपानीको अभाव<br>- पानीका धारा न्यून र जीर्ण<br>- खानेपानी योजनाको मर्मत सम्भार नभएको<br>- सिंचाईको कमी<br>- सरसफाई सम्बन्धी क्रियाकलापहरुको कमी<br>- सिंचाई योजनाहरुको मर्मत सम्भारको कमी<br>- ढल निकासको समस्या | - पानीका श्रोतहरुको उपलब्धता | - जलवायु परिवर्तन<br>- राजनीतिक अस्थिरता |
| ३.२ | विद्युत | - यस गा.वि.स.मा विद्युतको समस्या भएको | - २ वटा विद्युत उत्पादन निर्माणाधिन अवस्थामा रहेको<br>- नविकरणीय उर्जा बिस्तारमा (अनुदान नीति) | - जल वायु परिवर्तन<br>- ठूलो आयोजनाको लागि श्रोत |
| ३.३ | सूचना एवं | - सर्वसुलभ ढङ्गले रेडियो सुन्न नसकिनु | - नेपाल टेलिकमको | - विद्युत आपूर्ती |

| क्र.स. | विषयगत क्षेत्रहरु | मुख्य सवाल/मुद्दाहरु | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| | सञ्चार | - राष्ट्रिय पत्रपत्रिकाहरुमा पहुँच नभएको<br>- टेलिफोन टावरको समस्या | क्षमता बिस्तार प्रक्रिया रहेको | - श्रोतको पर्याप्तता |
| ४. | यातायात पूर्वाधार | | | |
| ४.१ | सडक तथा झो.पु. | - गा.वि.स.मा ग्रामीण कृषि सडक निर्माण नभएको<br>- झोलुङ्गे पुलको समस्या<br>- काठेपुल जीर्ण अवस्थामा रहेको | - सरकारी तथा अन्य दातृ निकायहरुको लगानीका लागि प्राथमिकता क्षेत्र<br>- स्थानीय श्रोत साधनहरुको उपयोग | - राजनीतिक दवाव<br>- भौगोलिक विकटता |
| ५. | सुशासन तथा अन्य | | | |
| ५.१ | सुशासन | - गा.वि.स.मा अनुगमन सञ्जाल कमजोर भएको<br>- योजनामा पारदर्शी रुपमा मूल्याङ्कन नहुनु<br>- गा.वि.स.मा उपभोक्ता समितिलाई तालिम नहुनु<br>- योजनाहरुको सार्वजनिक सुनुवाई र लेखापरीक्षणको कमी<br>- लक्षित समुदायको योजना छनौट तथा कार्यान्वयन प्रक्रियामा पहुँचको अभाव<br>- गा.वि.स.मा क्षमता विकासका क्रियाकलापहरुको कमी<br>- गा.वि.स.को नागरिक वडापत्र नहुनु | - आवधिक योजना बनिरहेको अवस्था<br>- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यान्वयनको थालनी<br>- गा.वि.स.का वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र मार्फत पारदर्शीताका बारेमा सचेतनाका क्रियाकलापहरु सञ्चालन | - विभिन्न संघसंस्थाहरुको आ-आफ्नो नीति र कार्यशैली<br>- राजनीतिक अस्थिरता तथा दवाव |

## ३. दीर्घकालीन सोंच, लक्ष्य, विषयगत उद्देश्य, रणनीति र सूचकहरु

### ३.१ दीर्घकालीन सोंच

**"कृषि, वन, पर्यटन विकास, जलश्रोत,पूर्वाधार**
**स्वच्छ गाउँ, समुन्नत समाज, कुडारी गा.वि.स.को आधार"**

### ३.२ लक्ष्य

स्थानीय साधन श्रोतहरुको अधिकतम प्रयोग र परिचालन गरी जीवनस्तरमा सुधार ल्याउने ।

### ३.३ विषयगत उद्देश्यहरु

क) आर्थिक विकास र वातावरणको प्रवर्द्धन गर्न कृषि, पशुपालनका माध्यमबाट लक्षित समुदायको आय आर्जनमा टेवा पुऱ्याउने ।

ख) सामुदायिक पूर्वाधार, शिक्षा, स्वास्थ्य सहितका कार्यक्रमहरुमा लक्षित समुदायको पहुँच बिस्तार गर्ने ।

ग) स्थानीय साधन श्रोतको अधिकतम प्रयोग गर्दै खानेपानी, सञ्चार, विद्युत र सिंचाईका अवसरबाट पछाडि पारिएका समुदायहरुमा पहुँच बिस्तार गर्ने ।

घ) दीर्घकालीन यातायात तथा भौतिक पूर्वाधार निर्माण र सदुपयोग गर्न समुदायको सहभागिता वृद्धि गर्ने ।

ङ) गा.वि.स.मा सामाजिक समावेशीकरण, लैङ्गिक समानता, जवाफदेहिता तथा पारदर्शीताको प्रत्याभूति सुनिश्चित गर्ने ।

## ३.४ गाउँ विकासका रणनीतिहरु

आवधिक योजनाद्धारा परिलक्षित लक्ष्य, उद्देश्य तथा उपलब्धी सूचकको परिणाम प्राप्तिका लागि निम्न रणनीति अवलम्वन गरिने छ :

क) स्थानीयस्तरमा कार्यरत सबै सरकारी, गैरसरकारी, निजी एवं सामुदायिक सेवा प्रदायकहरुसँग कार्य सञ्जाल निर्माण, सुदृढिकरण र अन्तरसम्बन्ध स्थापित गरी एकिकृत सेवा प्रवाहद्धारा नागरिकका माग सम्बोधन गरिने छ । सार्वजनिक, निजी, साझेदारीलाई प्राथमिकता दिइने छ ।

ख) आवधिक योजनाका उद्देश्य एवं उपलब्धी प्राप्तिको लागि वार्षिक रुपमा सहभागितात्मक, समावेशी रुपमा वार्षिक योजना, कार्यक्रम, बजेट तर्जुमा, कार्यान्वयन एवं अनुगमन गर्ने संस्थागत व्यवस्था र परिपाटी विकास गरिने छ ।

ग) स्थानीय स्तरका माग एवं आपूर्ति पक्षको सरोकारवालाहरुको क्षमता अभिवृद्धि एवं सशक्तिकरण गरिने छ ।

घ) गा.वि.स. स्तरमा रहेका महिला, अति विपन्न, अल्पसंख्यक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने र छुट्याइएको अनुदान एवं विषयगत क्षेत्रहरुबाट प्रवाह हुन सक्ने सेवा, सुविधामा पहुँच अभिवृद्धि गरिने छ । लैङ्गिक, वातावरण, बालमैत्री क्रियाकलापलाई संस्थागत गरिने छ ।

ङ) सुशासनका सबै मान्य औजारहरु (Tools) को प्रयोगबाट पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गरी विकास कार्यक्रमहरुमा हुने अनियमितता र भ्रष्टाचारलाई न्यूनिकरण गरिने छ । वित्तीय जोखिम न्यूनिकरणमा विशेष ध्यान पुऱ्याइने छ ।

च) विकास कार्यमा आधुनिक प्रविधीको प्रयोग गरी विद्युतीय सुशासन (E-Governance) तर्फ बढावा दिइने छ र जिल्ला स्तरीय सञ्जालसँग आवद्ध गरिने छ ।

छ) स्थानीय सीप, श्रोत, प्रविधीमा आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गरिने छ ।

ज) एक घर एक वगैचाको नीति अवलम्वन गरी कार्यान्वयनमा ल्याईने छ ।

झ) अन्तरस्थानीय निकाय, अन्तर गा.वि.स. समन्वयको माध्यमबाट पूर्वाधार, प्राकृतिक स्रोत, बजार, प्राविधिक जनशक्ति एवं अनुभव आदान-प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

ञ) गा.वि.स. स्तरमा योजना सञ्चालन कार्य तालिका बनाई सञ्चालित योजना समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाउनुका साथै सबै सरोकारवाला सेवा प्रदायकको जिम्मेवारी तालिका बनाइने छ र कार्यान्वयन योजनासँग संलग्न गरिने छ ।

ट) यातायात सुविधालाई सर्वसूलभ बनाउन प्राप्त साधन र स्रोतको परिचालन गर्दै स्थानीय सडक निर्माण, मर्मत सम्भार र झोलुङ्गे पुल निर्माण जस्ता कार्यमा जनसहभागिता परिचालन गरिनेछ ।

ठ) सिंचाई, खानेपानी र विद्युतका लागि पानीका वैकल्पिक श्रोतहरु पहिचान गरि प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ ।

ड) लक्षित वर्ग केन्द्रित स्थानीय श्रोतको परिचालन र प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ ।

ढ) स्थानीय उत्पादनलाई बढाउँदै खाद्यान्नको आपूर्तिलाइ क्रमशः घटाउदै लगिने छ र खाना बनाउने सीप र खाने व्यवहारमा परिवर्तन ल्याउन विकास साझेदार संस्थाहरुसँग समन्वय गरिने छ ।

ण) खाद्य असुरक्षा भएका क्षेत्रका स्थानीय समुदायलाई पूर्वाधार एवं विकास कार्यमा संलग्न गराई रोजगारी सिर्जना गर्ने कार्यको लागि अन्तरसंस्था समन्वय गरी कार्यान्वयनमा विशेष जोड दिइने छ ।

## ३.५ विषयगत सूचकहरु

गा.वि.स.को जम्मा घरधुरी संख्या: १०४६ घरधुरी

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| **१. आर्थिक विकासका क्षेत्र** | | | | |
| **उद्देश्य:** आर्थिक विकास र वातावरणको प्रवर्द्धन गर्न कृषि, पशुपालनका माध्यमबाट लक्षित समुदायको आय आर्जनमा टेवा पुऱ्याउने । | | | | |
| **१.१ कृषिमा आधारित** | | | | |
| उत्पादन र उत्पादकत्व वृद्धि | आलु: ३५ मे.टन<br>सिमी: ३६.७ मे.टन<br>तरकारी निर्वाहमुखी<br>लसुन: २ टन<br>बीउ उत्पादन निर्वाहमुखी<br>१०४६ घ.धु. निर्वाहमुखी र ११६ घ.धु.लाई छ महिनाभन्दा बढि खान पुग्ने देखिन्छ<br>(श्रोत गा.वि.स. पार्श्वचित्र ) | व्यवसायिक र बेमौसमी खेती<br>• आलु: ४३.७५ मे.टन<br>• सिमी:४५.८७ मे.टन<br>• लसुन:२.५ मे.टन<br>• ताजा तरकारी: २ मे.टन<br>• २५ प्रतिशतले उत्पादन वृद्धि गर्ने ।<br>• १५५ घरधुरीले व्यवसायिक रुपमा आलु, सिमी र ताजा तरकारी खेती गरी आम्दानीमा वृद्धि भएको हुनेछ ।<br>• ६४ घरधुरीले मसलाबाली खेती प्रवर्द्धन गरी आम्दानीमा वृद्धि गरेका हुनेछन् । | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • जलवायु परिवर्तन<br>• श्रोतको अभाव |
| | धान: ६३.२ मे.टन<br>मकै: ८६.४<br>गहुँ: ३४.५ मे.टन<br>कोदो: ३१.५ मे.टन<br>जौ: ९०.१ मे.टन<br>१०४६ घ.धु. निर्वाहमुखी र ९३० घ.धु.लाई छ महिनाभन्दा कम खान पुगेका देखिन्छ । | खाद्यान्न बाली<br>धान: ७५.८४ मे.टन २० प्रतिशतले वृद्धि<br>मकै: ९५.०४ मे.टन १० प्रतिशतले वृद्धि<br>गहुँ: ४१.४ मे.टन २० प्रतिशतले वृद्धि<br>कोदो: ३३.७५ मे.टन ५ प्रतिशतले बृद्धि<br>जौ: ९९.११ मे.टन १० प्रतिशतले वृद्धि | | |
| | | • ९३० घरधुरीमा उन्नत जातको खाद्यान्न बालीहरु (धान, मकै, गहुँ) प्रवर्द्धन गरी उत्पादनमा १० देखि २० प्रतिशतले वृद्धि गरेका हुनेछन् ।<br>• गा.वि.स.को वडा नं १ देखि ९ सम्म ९ वटा समूह निर्माण गरी सामूहिक गह्रा सुधार भएको हुनेछ ।<br>• ९३० किसानलाई उन्नत खेती प्रविधिको बारेमा विभिन्न | जि.कृषि विकास का., संघसंस्थाहरुको प्रतिवेदन | |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | | संघसंस्थाहरुबाट तालिम दिइएको हुनेछ। | | |
| | फलफूल<br>• स्याउः ३५ मे.टन<br>• आरुः २ मे.टन<br>• ओखरः १ मे.टन<br><br>(८० घरधुरी ) | स्या : ४५.५ मे.टन ३० प्रतिशतले वृद्धि<br>आरुः २.५ मे.टन २५ प्रतिशतले वृद्धि<br>ओखरः १.२५ मे.टन २५ प्रतिशतले वृद्धि<br><br>७०० घरधुरीले व्यवसायिक फलफूल खेती गरी उत्पादन र आम्दानीमा ५० प्रतिशतले वृद्धि गरेका हुनेछन्। | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • जलवायु परिवर्तन<br>• श्रोतको अभाव |
| बजार प्रवर्द्धन | • सहकारीः १<br>• एग्रोभेटः १ वटा<br>• सङ्कलन केन्द्रः छैन<br>• हाट बजारः १ | • १ वटा सहकारीको विकास गरी एक गाउँ एक सहकारीको विकास भएको हुनेछ।<br>• गा.वि.स.को पायक पर्ने स्थानहरु कुडारी बजार र त्रिवेणीमा २ वटा कृषि तथा गैरकृषि उपज सङ्कलन केन्द्रको स्थापना भई जिल्ला तथा क्षेत्रीय बजारमा सञ्जालमा आवद्ध भएको हुनेछ<br>• कुडारी, नुवाकोट र चेमाढुंग्रीमा थप ३ वटा एग्रोभेट स्थापना गरी १०४६ घरधुरीले नियमित सेवा प्राप्त गरेका हुनेछन्। | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • श्रोतको अभाव |
| प्रशोधन र मूल्य अभिवृद्धि | छैन | • कुडारी गा.वि.स. वडा नं. १ मा १ वटा कोल्ड स्टोरको निर्माणको लागि स्थलगत अध्ययन भएको हुनेछ। | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • श्रोतको अभाव |
| • सेवा र प्रविधि | • स्थानीय श्रोत व्यक्ति १५ जना क्षमता विकासको कमी /सामाजिक परिचालक १३ जना<br>• बजार व्यवस्थापन छ<br>• सूचनाको पहुँच पर्याप्त नभएको<br>• १००० घरपरिवारहरुले परम्परागत गोठ बनाएको।<br>• कृषक तालिमः १६ जना | • प्रत्येक वडामा २ जना स्थानीय श्रोत व्यक्तिहरुको विकास र क्षमता विकास गरी १०४६ घरधुरीलाई नियमित रुपमा कृषि प्रसार सेवा प्रदान गरेका हुनेछन्।<br>• ४१६ घरधुरीमा गोठ सुधार, कम्पोष्ट तथा जैविक विषादी प्रवर्द्धन भएको हुनेछन्।<br>• ३३५ जना कृषकहरुले कृषि सम्बन्धी क्षमता विकास तालिम प्राप्त गरी कृषि प्रसारमा टेवा पुगेको हुनेछ।<br>• ५० जना कृषकहरुको व्यवसायिक योजना तयार भई योजना अनुसार उत्पादन भएको हुनेछ। | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • श्रोतको अभाव |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| पशु/पंक्षी | • भैंसीः ४० वटा<br>• बँगुर सुँगुरः १५ वटा<br>• भेंडा बाखाः ५००० वटा<br>• गाई गोरुः ५०० वटा<br>• कुखुरा संख्याः ५०० वटा<br>• भैंसीः २३ घरधुरी<br>• बँगुर सुँगुरः ११ घरधुरी<br>• भेंडा बाखाः २५० घरधुरी<br>• गाई गोरुः १००० घरधुरी<br>• कुखुरा संख्याः ५०० घरधुरी<br>६११ घ.धु. परम्परागत | • नश्ल सुधारका लागि ५० वटा उन्नत बोका/राँगा/बहर वितरण एवं प्रवर्द्धन गर्ने ।<br>• मासु अण्डा, दुध उत्पादन १० प्रतिशतले वृद्धि भएको हुनेछ ।<br>• ५८० घरधुरीले उन्नत जातका पशु/पंक्षी पालन गरी प्रति घर परिवार वार्षिक ३० हजार बराबर आम्दानीमा गरेका हुनेछन् । | • कार्य सम्पन्न प्रतिवेदन<br>• स्थलगत अध्ययन प्रतिवेदन | • श्रोतको अभाव |
| **१.२ कृषि तथा गैरकृषिमा आधारित सीप एवं रोजगार** | | | | |
| स्वःरोजगार | • आरनः १३ वटा<br>• सिलाई कटाईः २<br>• प्लम्बरः छैन<br>• सिकर्मीः ६० जना<br>• डकर्मीः १०० जना<br>• जुत्ता सिलाउने :१ जना<br>• मोबाईल मर्मतः २ जना<br>• इलेक्ट्रिसियनः १ जना<br>• शौचालय मिस्त्रीः ५० जना<br>• सुधारिएको चुलोः ९४६ वटा<br>• घरेलु, लघु उद्यमः छैन<br>• हस्तकलाः २ जना<br>• वनजन्य उद्योगः ५ वटा<br>• कृषिजन्य उद्योगः छैन<br>• मौसमी बसाईंसराईः १४५३ | • ३ वटा आरनको स्तरोन्नती, थप ४ वटा आरनको व्यवस्थापन भई सञ्चालनमा आएका हुनेछन् । यस कार्यमा संलग्न घरधुरीको ३५ हजार वार्षिक आम्दानी भएको हुनेछ ।<br>• गा.वि.स. भरी ३०० जनालाई सिकर्मी/डकर्मी तालिम र २७ जना महिलालाई सिलाई कटाई तालिम प्रदान गरी ल.घु. उद्यमहरु सञ्चालनमा आएका हुनेछन् । | जिल्ला वन कार्यालय, विभिन्न संघसंस्थाहरुको प्रतिवेदन | • श्रोतको उपलब्धता |
| | ग्रामीण पर्यटनः १ वटा<br>पार्क/धार्मिक तथा ऐतिहाँसिक | • त्रिवेणी र नुवाकोटमा २ वटा ग्रामीण पर्यटन क्षेत्रको विकास गरी ग्रामीण पर्यटकीय क्षेत्रको रुपमा व्यवस्थापन गरिएको | गा.वि.स.को रेकर्ड | |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | महत्वका स्थल । मठ मन्दिरहरु: १५ वटा | हुनेछ । | | |
| **१.३ वन तथा वातावरण** | | | | |
| काष्ठजन्य | • वन क्षेत्रले ओगटेको क्षेत्र ६८३ हेक्टर<br>• सा.वन: ११ वटा/१ वटा राष्ट्रिय/१३ कवुलियति<br>• आरा मिल ५ वटा | • १४वटा (११ सामुदायिक, ३ कवुलियत वन) को घेरबार संरक्षण र विकास भएको हुनेछ ।<br>• १४ वटा वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन भएको हुनेछ ।<br>• गा.वि.स.मा १० वटा (फर्निचर, आरामिल) वनजन्य उद्योगहरुको स्थापना भई सञ्चालनमा आएका हुनेछन् ।<br>• ५ वटा कस्तीहरुमा बाढी, पहिरो, आगजनी र भू-क्षय नियन्त्रण र रोकथामका लागि क्रियाकलापहरु सञ्चालन भएका हुनेछन् ।<br>• ११ वटा नर्सरीको स्थापना तथा व्यवस्थापन भई २५००० बिरुवा उत्पादन भएका हुनेछन् ।<br>• २५००० गोटा बिरुवाहरु व्यवस्थापन गरी १५ हेक्टरमा वृक्षारोपण भएको हुनेछ । | जिल्ला वन कार्यालय, विभिन्न संघसंस्थाहरुको प्रतिवेदन | • जलवायु परिवर्तन<br>• श्रोतको अभाव |
| गैह्रकाष्ठ वन पैदावार | • सुगन्धवाल, कालादाना, घुच्चीच्याउ, धुपी, सिल्पाडी, चिराईतोजस्ता गैरकाष्ठ वन पैदावारको उत्पादन<br>• निजी गैरकाष्ठ वनपैदावारकोखेती १ घरधुरी | • सामुदायिक वनका माध्यमवाट गैह्रकाष्ठ वन पैदावारको संरक्षण गर्ने<br>• बहुमूल्य जडिबुटी (सुगन्धवाल, कालादाना, घुच्चीच्याउ, धुपी, सिल्पाडीको उत्पादन, दीगो सङ्कलन र संरक्षण एवं बजार व्यवस्थापन गर्न २०० घ.धु.ले तालिम प्राप्त गरेका हुनेछन् ।<br>• ५० घ.धु.ले वार्षिक ५ मे.टन गैह्रकाष्ठ वन पैदावारको सङ्कलन गरी बिक्री वितरण गरेका हुनेछन् ।<br>• ११ वटा नर्सरीको स्थापना तथा व्यवस्थापन भई २५००० बिरुवा उत्पादन भएका हुनेछन् । | | |
| **२. सामाजिक विकासका क्षेत्र** | | | | |
| **उद्देश्य: सामुदायिक पूर्वाधार, शिक्षा, स्वास्थ्य सहितका कार्यक्रमहरुमा लक्षित समुदायको पहुँच बिस्तार गर्ने ।** | | | | |
| **२.१ शिक्षा** | | | | |
| साक्षरता र गुणस्तरीय शिक्षा | **साक्षरता**<br>औपचारिक शिक्षामा भर्नादर: | • विद्यालय भर्नादर छात्र, छात्राको ८९ प्रतिशतबाट १०० मा पुऱ्याउने । | • जिल्ला शिक्षा कार्यालय, | • श्रोतको अभाव |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | ८९ प्रतिशत<br>छात्रः ७२४ जना<br>छात्राः ८०४ जना<br>व्यवसायिक शिक्षाः छैन<br>७३ प्रतिशत<br>विद्यालयः १० वटा विद्यालय | • गा.वि.स. को ७३ प्रतिशतबाट थप २५ प्रतिशत साक्षरता वृद्धि भई ९८ प्रतिशत पुऱ्याउने ।<br>• रिफ्लेक्ट कक्षा, सहभागितात्मक सिकाई केन्द्र आदिबाट साक्षरतामा वृद्धि भएको हुनेछ ।<br>• १० वटा विद्यालयमा पठन पाठनमा सुधार आएको हुनेछ ।<br>• ४ वटा पक्की भवन निर्माण भई सञ्चालनमा आएका हुनेछन् । | विद्यालयहरु, संघसंस्थाहरुको प्रतिवेदन | |
| | गुणस्तरीय शिक्षा<br>बाल विकास केन्द्र १० वटा<br>शिक्षक/ शिक्षिकाः ५९ जना<br>विद्यालय पूर्वाधार (भवन, शौचालय, खेल मैदान समेत) ५३ वटा कोठा<br>शैक्षिक सामग्रीः अपर्याप्त<br>शैक्षिक क्यालेण्डरः छ<br>बालमैत्री शिक्षा पूर्ण नभएको<br>फरक क्षमता भएका नागरिकमैत्री शिक्षाको अपर्याप्तता | • शैक्षिक क्यालेण्डर, बालमैत्री शिक्षा, फरक क्षमता भएका नागरिक मैत्री शिक्षा, विद्यालय व्यवस्थापन समितिको सक्रियता (समिति गठन, नियमित वैठक, अनुगमन र अन्तरक्रिया, सामाजिक परिक्षण, वार्षिक भेला, आम्दानी खर्चको कम्तिमा वर्ष १ पटक सार्वजनिकरण भएको हुनेछ ।<br>• ९ वटा बालविकास केन्द्रमा सामाग्रीहरुको व्यवस्थापन भई बाल सुलभ क्रियाकलापहरु सञ्चालनमा आएका हुनेछन् ।<br>• थप ५८ जना शिक्षक शिक्षिकाको व्यवस्थापन भई पठन पाठनमा सुधार आएको हुनेछ ।<br>• ४ वटा विद्यालयमा पक्की भवन, २४ कोठा मर्मत निर्माण, १० वटा बालमैत्री शौचालय निर्माण, थप फर्निचर (डेस्क बेन्च) को व्यवस्था, गरी नियमित पठनपाठनको साथै गुणस्तरीय शिक्षा र बालमैत्री क्रियाकलाप सञ्चालन भएको हुनेछ ।<br>• १० वटा विद्यालयमा पौष्टिक आहारका लागि प्रत्येक विद्यालयमा भान्सा तथा गोदाम घर निर्माण भई प्रयोगमा आएका हुनेछन् ।<br>• ५ वटा विद्यालयमा कम्प्युटर तथा शैक्षिक सामाग्री र ४ वटा विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्थापन भई पठनपाठनमा सुधार भएको हुनेछ । | | |
| **२.२. स्वास्थ्य** | | | | |
| एकिकृत स्वास्थ्य सेवामा पहुँच र गुणस्तरिय सेवा | • पूर्वाधार ४ कोठे भवन १<br>• तालिम प्राप्त स्वास्थ्यकर्मी १३ | • शिशु मृत्यु दर घटाउने ।<br>• बाल मृत्यु दर घटाउने ।<br>• मातृ मृत्यु दर घटाउने । | जि.स्वास्थ्य का., संघसंस्थाहरुको प्रतिवेदन | • श्रोतको अभाव<br>• रोगको महामारी |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | • औषधि उपकरण उपलब्धता पर्याप्त नभएको<br>• राष्ट्रिय अभियानका कार्यक्रम नियमित सञ्चालन<br>• सुरक्षित मातृत्वः ३० प्रतिशत<br>• शिशु मृत्यु दरः रेकर्ड छैन<br>• बाल मृत्यु दरः रेकर्ड छैन मातृ मृत्यु दरः रेकर्ड छैन कुपोषणः ४४ जना<br>• औषत आयुः ४९ वर्ष<br>• १ वटा उप स्वास्थ्य चौकी<br>• ३ वटा गाउँघर क्लिनिक<br>• १ वटा प्रसुति गृह<br>• पाठेघर खस्ने समस्याः ३५ जना<br>• छाउपडी प्रथा कायमै रहेको | • कुपोषित आमा र बालबालिकाको संख्या ४४ बाट घटाउने<br>• औषत आयु ४९ वर्षबाट बढाउने ।<br>• भौगोलिक वनावटका आधारमा वडा नं ६ र ८ मा १/१ वटा उपस्वास्थ्य चौकी व्यवस्थापनका लागि आधारभुत सर्वेक्षण भएको हुनेछ ।<br>• थप ४ वटा क्लिनिक व्यवस्थापन गरी प्रत्येक वडामा सञ्चालनमा आएका हुनेछन् ।<br>• १ वटा प्रसुती गृहको स्तर वृद्धि तथा सामग्रीको व्यवस्थापन भई सेवामा प्रभावकारीता आएको हुनेछ ।<br>• गा.वि.स.का १०४६ घरधुरीले सर्वसूलभ तरिकाले एकिकृत स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् ।<br>• प्राथमिक स्वास्थ्य केन्द्रमा १ जना स्वास्थ्य सहायक, एच.ए., अहेब २, मासिका २, अनमी २ र परिचर ३ जना थप गरी स्वास्थ्य सेवा प्रवाहमा थप सुधार आएको हुनेछ ।<br>• १०० प्रतिशत महिलाहरुले प्रजनन् सेवा र शत प्रतिशत बालबालिकाहरुले सबै किसिमका खोपहरु प्राप्त गरेका हुनेछन्<br>• गा.वि.स.मा राष्ट्रिय अभियानका कार्यक्रमहरु नियमित रुपमा सञ्चालनमा आएको हुनेछ ।<br>• प्रजनन् उमेर पुगेका महिला तथा पुरुषहरुलाई चेतनामूलक सूचनाहरु गर्न र वर्तमान स्थितिमा सुधार ल्याउन ६ पटक चेतनामुलक अभियान सञ्चालन भएको हुनेछ | | |
| | | • छाउपडी प्रथा अन्त्यका लागि अभियानका रुपमा ६ पटक चेतनामूलक सूचनाहरु प्रवाह भई वर्तमान स्थितिमा सुधार आएको हुनेछ । | | |
| स्वच्छ खानेपानीको पहुँच र पूर्ण सरसफाई | • ४५ वटा पाईप धाराबाट ८९१ घरधुरीलाई खानेपानीको सिमित उपलब्धता<br>• ढुङ्गे धारा ४ वटा व्यवस्थित | • थप ५ वटा खानेपानी योजना सञ्चालन गरी थप ५० धाराहरुबाट १५५ घरधुरीलाई स्वच्छ खानेपानीको व्यवस्थापन भएको हुनेछ ।<br>• ४ वटा खानेपानी योजनाको मर्मत सम्भार भई प्रयोगमा आएका हुनेछन् । | जि.खा.पा.का., गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • श्रोतको अभाव<br>• ठूला योजनाहरु समयभित्र सम्पन्न हुने समयावधि |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | नभएको | • थप ५ वटा ढुङ्गे धारा, पँधेराको व्यवस्थापन र मर्मत सम्भार भई प्रयोगमा आएका हुनेछन् ।<br>• गा.वि.स.मा थप ४६ वटा शौचालयहरु निर्माण भई प्रयोगमा आएका हुनेछन् ।<br>• गा.वि.स.मा सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रमका साथै ५०० वटा फोहोर व्यवस्थापनका लागि टोकरीको व्यवस्था भई प्रयोगमा आएका हुनेछन् ।<br>• गा.वि.स.मा १० पटक सरसफाई सम्बन्धी सचेतना गतिविधिहरु सञ्चालन भएका हुनेछन् । | | |
| | सरसफाई (शौचालय निर्माण, व्यक्तिगत तथा वातावरणीय सरसफाई) १००० घरधुरी | | | |
| | चेतनामूलक कार्यक्रमहरु सिमित मात्रामा | | | |
| **२.३ दलित, महिला, बालबालिका, फरक क्षमता भएका, जेष्ठ नागरिक, वञ्चितिकरणमा परेका, एकल महिला, विपन्न वर्ग, द्वन्द्व पिडित** | | | | |
| सशक्तिकरण, पहुँच र नियन्त्रण | *दलित केन्द्रित*<br>• सहभागिता (सेवा, सुविधामा पहुँच र निर्णय प्रक्रिया) प्रभावकारी नभएको<br>• बचावट (भेदभाव) कायमै<br>• प्रवर्द्धन (चेतना) कमी<br>• सामाजिक सुरक्षा प्रभावकारी नभएको<br>(२५५ घरधुरी) | मूलप्रवाहीकरण<br>• २५५ दलित घरधुरीहरुकोसशक्तिकरणका लागि ८ पटक अभियान सञ्चालन भएको हुनेछ ।<br>• २०० दलित घरधुरीकालागि सिपमूलक तालिम सञ्चालन भई आयआर्जन क्रियाकलापहरुमा संलग्न भएका हुनेछन् ।<br>• निर्णय प्रक्रियामा दलित समुदायको पहुँच कम्तिमा २५ प्रतिशत पुगेको हुनेछ । | गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • राजनीतिक दवाव<br>• श्रोतको अभाव |
| | महिला केन्द्रित<br>• सहभागिता (सेवा, सुविधामा पहुँच र निर्णय प्रक्रिया)<br>• बचावट (भेदभाव, हिंसा, कुरिति) कायमै<br>• प्रवर्द्धन (चेतना, सशक्तिकरण) कमी<br>(१२० घरधुरी) | • विभिन्न संघसंस्थाहरुको समन्वयमा ५६० जना महिला तथा पिछडिएका वर्गहरुलाई नेतृत्व विकास र विभिन्न तालिमहरु दिई क्षमता विकास गरिएको हुनेछ ।<br>• ५६० महिला तथा पिछडिएका वर्गहरुको सशक्तिकरण गरी गा.वि.स. र अन्य संस्थाहरुको श्रोतमा पहुँच वृद्धि भएको हुनेछ<br>• ६० जना महिलाहरु आयआर्जन तथा सीपमूलक क्रियाकलापहरुमा संलग्न भएका हुनेछन्<br>• १६ वटा बस्तीमा महिला साक्षरता कक्षा सञ्चालन भएको हुनेछ ।<br>• गा.वि.स.मा महिला सशक्तिकरणका लागि ५ पटक लैङ्गिक | | |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | | समानता र सामाजिक समावेशीकरण तालिम सञ्चालन भएको हुनेछन् । | | |
| | बालबालिका केन्द्रित<br>• बालमैत्री स्थानीय शासन कार्यविधिमा भएका सूचकहरु आंशिक रुपमा कार्यान्वयन भएको | • ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् ।<br>• एक वर्षभित्रका प्रत्येक बालबालिकाहरुले पूर्ण रुपमा (वि.सी.जी., डि.पी.टी., हेपाटाईटीस बि, दादुराको) खोप पाएका हुनेछन् ।<br>• ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामीन ए क्याप्सुल खाएका हुनेछन् ।<br>• शत प्रतिशत गर्भवती आमाले स्वास्थ्यकर्मीवाट सुत्केरी गराएका हुनेछन् ।<br>• गर्भवती महिलाहरुले कम्तिमा प्रसुती पुर्व चार पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् ।<br>• सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।<br>• सवै घरधुरीमा चर्पी गएपछि खाना खानु अगाडि र बालबालिकाहरुको दिसा धोएपछि साबुन पानीले हात धुने परिपार्टीको विकास भएको हुनेछ । | | |
| | १० प्रतिशत बाल विवाह | • ५ वर्ष मुनिका सबै बालबालिकाहरुको जन्म दर्ता भएको हुने छ ।<br>• बाल विवाहको संख्यामा कमी आएको हुनेछ ।<br>• निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ ।<br>• घरपरिवार र समुदायवाट बालबालिकाका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ ।<br>• बाल संरक्षण सम्वन्धि समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ । | गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • राजनीतिक दवाव<br>• श्रोतको अभाव |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | | • ४ वर्षसम्मका बालबालिकाहरुलाई प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका हुनेछन् ।<br>• कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका शत प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन् ।<br>• ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरुले आधारभुत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् ।<br>• औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ ।<br>• प्रत्येक विद्यालयमा छात्रछात्राका लागि अलग-अलग शौचालयको व्यवस्था भएको हुनेछ ।<br>• प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • राजनीतिक दवाव<br>• श्रोतको अभाव |
| | | • स्थानीय निकायको निर्णय प्रकृयामा १२ देखि १८ वर्ष सम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ ।<br>• स्थानीय निकायले सञ्चालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ ।<br>• विद्यालय व्यवस्थापन समितिमा संस्थागत तबरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ ।<br>• स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ ।<br>• गाउँ विकास समितिमा बाल क्लबको सञ्जाल र वडामा बाल समूह गठन भई क्रियाशिल भएका हुनेछन् । | गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • राजनीतिक दवाव<br>• श्रोतको अभाव |
| | बाल क्लब: १३ वटा संस्थागत विकासको कमी | • १३ बाल क्लबको संस्थागत विकास भई सञ्चालनमा आएका हुनेछन् । | गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • राजनीतिक दवाव<br>• श्रोतको अभाव |
| | फरक क्षमता भएका संख्या र किसिम: ४७ | • गा.वि.स.मा सरकारी, गैरसरकारी संस्थाहरुको कम्ति २ पटक समन्वय वैठक र सहकार्य गर्नमा अपाङ्ग असहाय र वृद्ध लक्षित | गा.वि.स., संघसंस्थाहरुको | • राजनीतिक पूर्वाग्रह |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | जेष्ठ नागरिक (म./पु.): २७२<br>वञ्चितिकरणमा परेका परिवार संख्या:<br>असहाय: ३५ जना<br>एकल महिला संख्या: ७१<br>विपन्न परिवार संख्या: ५२<br>द्वन्द पिडित :२५ जना | सशक्तिकरण र चेतनामूलक क्रियाकलापहरु सञ्चालन भएका हुनेछन् ।<br>• लक्षित समुदायका लागि ३ वटा सामुदायिक भवनहरु निर्माण भएका हुनेछन्<br>• व्यक्तिगत घटना दर्ता सम्बन्धी वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र मार्फत प्रत्येक वडाहरुमा सचेतना कार्यक्रम सञ्चालनमा आएको हुनेछ ।<br>• गा.वि.स.मा फरक क्षमता भएका व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गरी राज्यबाट प्राप्त सेवा सुविधा समयमा नै उपलब्ध गराइएको हुनेछ । | प्रतिवेदन | • श्रोतको अभाव |
| **३. सिंचाई, विद्युतिकरण र वैकल्पिक उर्जा** | | | | |
| **उद्देश्य: स्थानीय साधन श्रोत र श्रमको अधिकतम प्रयोग गर्दै खानेपानी, सञ्चार, विद्युत र सिंचाईका अवसरवाट पछाडी पारिएका समुदायहरुमा पहुँच बिस्तार गर्ने ।** | | | | |
| **३.१ सिंचाई** | | | | |
| सिंचित क्षेत्रमा वृद्धि | • सिंचित क्षेत्रफल: ६० हे.<br>• कुलो संख्या: १६ (जिर्ण)<br>• पोखरी/प्लाष्टिक पोखरी संख्या: छैन<br>• वर्षातको पानी सङ्कलन टंकी: छैन<br>• थोपा सिंचाई: छैन<br>• स्प्रिङ्कलर: ३ वटा | • हालको ६० हे. मध्ये थप ४० हेक्टरका लागि वृद्धि गरी १००हे.मा सिंचाई सुविधा पुऱ्याउने ।<br>• १९ कुलो/नहरबाट २० हे.<br>• १६ पोखरी/प्लाष्टिक पोखरीबाट २० हे.<br>• विभिन्न संघसंस्थाहरु गा.वि.स., जि.वि.स., सिंचाई कार्यालयहरुसँगको समन्वय र सहकार्यमा १९ वटा सिंचाई कुलो निर्माण, ९ वटा सिंचाई कुलोको मर्मत सुधार, प्लाष्टिक पोखरी ९ वटा निमार्ण गरी १०० हे. जमिन सिंचित भई व्यवसायिक तरकारी खेती गरेका हुनेछन् । | जि.कृषि विकास का., गा.वि.स., संघसंस्थाहरुको प्रतिवेदन | • श्रोतको अभाव |
| विद्युत सेवा र वैकल्पिक नविकरणीय उर्जा | • विद्युत योजना संख्या: २ निर्माण प्रक्रियामा<br>• लाभान्वित घ.धु संख्या: ४०४ | • नाङगाडा र भेरीखोलामा २ वटा जल विद्युत निर्माण भई गा.वि.स.का १०४६ घरधुरीले सेवा प्राप्त गरेका हुनेछन् । | विद्युत का., गा.वि.स., संघसंस्थाको प्रतिवेदन | |
| | • सौर्य/गोबर ग्याँस घ.धु. ८०० घरधुरी | • थप ३५६ घरधुरीमा विस्तार भई विशेष सौर्य उर्जा कार्यक्रम संचालन भएको हुनेछ । | | |
| | • सुधारिएको चुलो प्रयोग घ.धु. संख्या: ९४६ | • काठ दाउराको प्रयोगमा २० प्रतिशत कमी भई वनजङ्गल संरक्षण भएको हुनेछ । | विद्युत का., गा.वि.स., संघसंस्थाको प्रतिवेदन | |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | | • थप १०० घरपरिवारहरुमा सुधारीएको चुलो निर्माण भई महिलाको स्वास्थ्य तथा वातावरणको प्रवर्द्धन भएको हुनेछ । | | |
| सूचनामा पहुँच | • टेलिफोन: छैन<br>• इमेल/इन्टरनेट: छैन<br>• मोबाईल: ५२३ घरधुरी<br>• स्थानीय रेडियो: ६०० घरधुरी<br>• टेलिभिजन: १० घरमा<br>• पत्रपत्रिका: छैन | • गा.वि.स.को पायक पर्ने स्थानमा १ वटा टेलिफोन टावर निर्माण भई सबै घरधुरीको मोबाईल सेवामा प्रभावकारीता आएको हुनेछ ।<br>• थप २५० घरधुरीमा रेडियो प्रयोगको क्षमतामा बिस्तार भएको हुनेछ । | नेपाल दूर सञ्चार, गा.वि.स., संघसंस्थाको प्रतिवेदन | |
| **४. भौतिक तथा सामाजिक पूर्वाधार क्षेत्र** | | | | |
| **उद्देश्य: दीर्घकालीन यातायात तथा भौतिक पूर्वाधार निर्माण र सदुपयोगका लागि समुदायको सहभागितामा वृद्धि गर्ने ।** | | | | |
| **४.१ स्थानीय यातायात** | | | | |
| सेवामा पहुँच र आवागमन | • मुख्य सडकबाट बस्तीसम्मको औषत समय ३ घण्टा<br>• कच्ची सडक: १५ कि.मी.<br>• झोलुङ्गे पुल: १ वटा<br>• पाटी, पौवा, चौतारी: ३ वटा<br>• काठेपुल: १०<br>• सामुदायिक भवन: ७<br>• पाटी पौवा चौतारी: ३ | • गा.वि.स.का सबै वडाहरु छुने २ वटा सडक ४५ किमी निर्माण भई आवत जावतमा सहजता आएको हुनेछ ।<br>• ७ वटा झोलुङ्गे पुल, पुल पुलेसा निर्माण भई प्रयोगमा आएका हुनेछन् ।<br>• ५ वटा सडक निर्माण भई सकै वडाका समुदायहरुलाई आवत जावतमा सहजता आएको हुनेछ ।<br>• वडा नं १, ८ र ९ मा ५ वटा काठे पुल निर्माण भई प्रयोगमा आएका हुनेछन् ।<br>• गा.वि.स.मा थप ८ वटा सामुदायिक पूर्वाधारहरुको निर्माण भई सञ्चालनमा आएको हुनेछ ।<br>• १ वटा त्रिवेणी सामुदायिक रेडियोको स्थापना भई सञ्चालनमा आएको हुनेछ । | सडक, गा.वि.स., संघसंस्थाको प्रतिवेदन | • श्रोतको अभाव |
| **५. सुशासन तथा अन्य** | | | | |
| **उद्देश्य:** गा.वि.स.मा सामाजिक समावेशीकरण, लैङ्गिक समानता, जवाफदेहिता तथा पारदर्शीताको प्रत्याभुति सुनिश्चित गर्ने । | | | | |
| **५.१ सुशासन** | | | | |
| भ्रष्टाचार रहित, उत्तरदायि र | • नागरिक वडा पत्र छैन<br>• कार्यक्रम बजेटको | • विषयगत योजनाका प्राथमिकतामा परेका क्रियाकलापहरु गा.वि.स.को वार्षिक योजनामा आई कार्यान्वयन भएका हुनेछन् | • गा.वि.स.को वार्षिक | • राजनीतिक अस्थिरता |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| पारदर्शी शासन व्यवस्था | सार्वजनिकिरण सकैलाई जानकारी नभएको<br>• उजुरी एवं गुनासो सुनुवाई संयन्त्रको गा.वि.स.मा व्यवस्थाको कमी<br>• पुरस्कार सम्मान र दण्ड, नभएको<br>• गा.वि.स.को परिषद र नियमित वैठक छ<br>• नागरिक वडा मञ्च/एकिकृत समिति, अन्य समितिहरुको नियमित वैठक छ<br>• आवधिक योजना निर्माण<br>• वार्षिक योजना छ<br>• क्षमता विकास योजना छैन<br>• सुपरिवेक्षण, अनुगमन र नियमित समिक्षा प्रभावकारी नभएको<br>• योजनाको नियमित सार्वजनिक सुनुवाई, समीक्षा र परीक्षण नभएको<br>• लेखापरीक्षण प्रभावकारी नभएको<br>• न्यूनतम शर्त पास भएको<br>• समन्वय र सञ्जालिकरणको कमी<br>• लक्षित वर्ग केन्द्रित स्रोत विनियोजन पर्याप्त नभएको<br>• लक्षित वर्ग केन्द्रित बजेट | ।<br>• गा.वि.स.का प्रत्येक वडामा अनुगमन समितिको गठन भई योजनाहरुको नियमित अनुगमन भएको हुनेछ ।<br>• वार्षिक रुपमा आवधिक योजनाको समीक्षा गरिएको हुनेछ ।<br>• हरेक कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, समीक्षा र लेखापरीक्षण एवं प्रभावकारी अनुगमन भएको हुनेछ ।<br>• दलित, महिला एवं वालवालिकाहरुको निर्णय प्रकृया र कार्यकारिणी समिति हालको अवस्थामा ३५ प्रतिशतले वृद्धि<br>• स्थानीय निकायको श्रोत परिचालन निर्देशिका २०६९ मा उलिखित व्यवस्था अनुसार कम्तिमा ३५ प्रतिशत श्रोत लक्षित समुदायलाई विनियोजन भई प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।<br>• दलित, महिला एवं बालबालिकाहरुको निर्णय प्रक्रिया र कार्यकारिणी समितिमा क्रमशः २५, ३५ र १० प्रतिशत अर्थपूर्ण सहभागिता भएको हुनेछ ।<br>• गाउँ विकास समिति न्यूनतम शर्त तथा वार्षिक कार्यसम्पादनमा उत्तिर्ण भई थप अनुदान प्राप्त गरेको हुनेछ ।<br>• गा.वि.स.ले क्षमता विकास योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ ।<br>• सेवाग्राहीको पहुँच पुग्ने स्थानमा सुचना पाटी र नागरिक वडा पत्र राखिएको हुनेछ ।<br>• हरेक कार्यक्रम र योजनाहरुको सार्वजनिक सुनुवाई, समीक्षा र लेखापरीक्षण प्रत्येक वर्ष प्रभावकारी भएको हुनेछ ।<br>• गा.वि.स.मा कृषि वन तथा वातावरण समिति गठन भई कृषि प्रसार सेवा स्थानीयस्तरमा संस्थागत भएको हुनेछ । | योजना<br>• परिषद्को निर्णय<br>• अनुगमन प्रतिवेदन<br>• वैठक निर्णय<br>• सार्वजनिक लेखापरीक्षण प्रतिवेदन | • श्रोतको अभाव<br>• सामाजिक सुरक्षा<br>• गा.वि.स.मा सचिवको उपस्थिति |

| विषयगत क्षेत्र | वर्तमान अवस्था | ५ वर्षको प्रक्षेपणमा आधारित सूचकहरु | | |
|---|---|---|---|---|
| | | सूचकहरु | पुष्ट्याईं | जोखिम पक्ष |
| | प्रभावकारी कार्यान्वयन नभएको<br>• सङ्गठन र संरचना अप्रयाप्त | | | |
| ५.२ अन्य | | | | |
| स्थानीय सीप, श्रोत साधन परिचालन र अभिवृद्धि | • गा.वि.स.को आन्तरिक स्रोत कमी<br>• सम्भाव्यता खोजी नभएको<br>• स्थानीय सीप प्रवर्द्धनमा कमी | • गा.वि.स.को आयश्रोत वृद्धिका थप अवसर खोजी भएको हुनेछ ।<br>• जडिबुटी निकासी करलाई व्यवस्थित गरी कार्यान्वयनमा आएको हुनेछ ।<br>• स्थानीय निकायको समन्वय र सहकार्यमा बिस्तार भएको हुनेछ। | | |

## ४. प्राथमिकता क्षेत्र र सूचकहरु

### ४.१ विषयगत क्षेत्र, सूचकहरु, समयावधि र जिम्मेवारी

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| **१. आर्थिक विकासका क्षेत्र** | | | | | | |
| **१.१ कृषिमा आधारित** | | | | | | |
| • आलु: ३६.७५ मे.टन - वार्षिक २५ प्रतिशतले उत्पादन वृद्धि<br>• सिमी:४५.८७ मे टन<br>• लसुन:२.५ मेटन<br>• तरकारी: २ मे टन | • १५५ घ.धु.<br>• ६४ घ.धु.<br>जम्मा २१९ घ.धु.लाई संलग्न गराउने | २५<br>१५ | ७५<br>३० | १२५<br>४५ | १५५<br>६४ | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| • धान: ७५.८४ मे.टन २० प्रतिशतले वृद्धि<br>• मकै: ९५.०४ मे.टन १० प्रतिशतले वृद्धि<br>• गहुँ: ४१.४ मे.टन २० प्रतिशतले वृद्धि<br>• कोदो: ३ ७.८ मे.टन<br>• जौ: ९९.११ मे.टन १० प्रतिशतले वृद्धि | ९३० घ.धु.हरुलाई संलग्न गराउने | २०० | ४०० | ६०० | ९३० | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| • गह्रा सुधार | ९ वटा | ३ वटा | ३ वटा | ३ वटा | - | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| • किसानलाई उन्नत खेती प्रविधिको बारेमा विभिन्न संघसंस्थाहरुबाट तालिम | ९३० जना | २०० | २०० | २०० | ३३० | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| • स्याउ: ४५.५ मे.टन ३० प्रतिशतले वृद्धि<br>• आरु: २.५ मे.टन २५ प्रतिशतले बृद्धि<br>• ओखर: १.२५ मे.टन २५ प्रतिशतले बृद्धि | ७०० घ.धु. | १५० | ३५० | ५५० | ७०० | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| बजार प्रवर्द्धन सहकारी | १ वटा | १ | - | - | - | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| सङ्कलन केन्द्र | २ वटा | १ | १ | - | - | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| एग्रोभेट स्थापना | ३ वटा | १ | १ | १ | - | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| कोल्ड स्टोर निर्माणको लागि स्थलगत अध्ययन | १ वटा | - | १ | - | - | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| **सेवा प्रविधि** | | | | | | |
| स्थानीय श्रोत व्यक्ति | १८ जना | ४ जना | ६ जना | ५ जना | ३ जना | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| गोठ सुधार, कम्पोष्ट तथा जैविक विषादी सम्बन्धी तालिम एवं अनुदान सहयोग | ४१६ घरधुरी | ७५ घरधुरी | १५५ घरधुरी | २५५ घरधुरी | ४१६ घरधुरी | गा.वि.स., जि.प.से.का., संघसंस्था |
| कृषि सम्बन्धी सीपमूलक तालिम | ३३५ जना/६ पटक | ६०/१ | ७०/१ | ८०/२ | १९५/२ | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| कृषकहरुको व्यवसायिक योजना निर्माण र कार्यान्वयन | ५० जना | १५ | ३० | ४५ | ५० | गा.वि.स., जि.कृ.वि.का., संघसंस्था |
| पशु/पंक्षी पालन (गाई, कुखुरा, बाखा, भैंसी पालन) | ५८० घरधुरी | ९० घरधुरी | १०५ घरधुरी | १०० घरधुरी | २८५ घरधुरी | गा.वि.स., जि.प.से. का., संघसंस्था |
| नश्ल सुधारका लागि उन्नत बोका/राँगा/बहर वितरण | ५० वटा | १० | १० | १० | २० | गा.वि.स., जि.प.से. का., संघसंस्था |
| **१.२ गैरकृषिमा आधारित सीप एवं रोजगार** | | | | | | |
| **स्वःरोजगार** | | | | | | |
| आरन | ७ वटा | २ वटा | २ वटा | २ वटा | १ वटा | गा.वि.स., संघसंस्था |
| सिकर्मी डकर्मी तालिम | ३०० जना | ७५ जना | ७५ जना | ७५ जना | ७५ जना | गा.वि.स., संघसंस्था |
| सिलाई कटाई तालिम | २७ जना | १२ जना | १५ जना | | | गा.वि.स., संघसंस्था |
| ग्रामीण पर्यटन | २ वटा | १ वटा | १ वटा | | | गा.वि.स., संघसंस्था |
| **१.३ वन तथा वातावरण** | | | | | | |
| काष्ठ जन्य | | | | | | |
| वन क्षेत्र विकास (सामुदायिक वन) र घेरवार | १४ वटा | ३ वटा | ४ वटा | ३ वटा | ४ वटा | जि.व.का., गा.वि.स., संघसंस्था |
| उपभोक्ता समितिको क्षमता विकास | १४ वटा | ३ वटा | ४ वटा | ३ वटा | ४ वटा | जि.व.का., गा.वि.स., संघ संस्था |
| वन जन्य उद्योग - फर्निचर, आरामिल | १० वटा | ३ | ३ | २ | २ | गा.वि.स., घरेलु, जि.व.का. |
| वातावरण तथा प्रकोप व्यवस्थापन (बाढी, पहिरो, आगजनी) | ५ बस्ती | २ बस्ती | २ बस्ती | १ बस्ती | | गा.वि.स., संघसंस्था |
| नर्सरी निर्माण र व्यवस्थापन | ११ वटा | २ | ३ | ४ | २ वटा | गा.वि.स., |

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| | | | | | | रेञ्जपोष्ट, सा.व.उ.स. |
| वृक्षारोपण | १५ हे. | ३ | ३ | ३ | ६ | गा.वि.स., जि.व.का. |
| **गैह्रकाष्ठ वन पैदावार** | | | | | | वन कार्यालय, सा.व.उ.स., गा.वि.स. |
| गैह्रकाष्ठ वन पैदावार संरक्षण र सङ्कलन | २०० घरधुरी | ५० | १०० | १५० | २०० | |
| गैह्रकाष्ठ वन पैदावारको सङ्कलन | ५० घरधुरी | १५ | ३० | ५० | - | |

**क्षेत्रगत कार्यान्वयनका लागि कार्यनीति**

- कृषक व्यवसाय पाठशाला सञ्चालन गर्ने ।
- उन्नत बीउ बिजन, नश्ल सुधार, प्रविधिको प्रयोग र व्यवसायिकरण गर्ने ।
- प्राङ्गारिक खेती प्रद्धतीलाई प्रवर्द्धन गर्ने ।
- विकेन्द्रित कृषि प्रसार सेवा उपलब्धताको लागि कृषि वन तथा वातावरण समिति गठन र क्षमता अभिवृद्धि हुने ।
- कृषि तथा गैर कृषि उपज सङ्कलनका लागि सङ्कलन केन्द्र निर्माण तथा व्यवस्थापन गर्ने ।
- मूल्य अभिवृद्धि श्रृङ्खलामा आधारित बजारीकरण गर्ने
- अन्तर निकाय तथा संस्थाहरुसँग समन्वय, सहकार्य, सञ्चार र सञ्जालिकरण गर्ने ।

| **२. सामाजिक विकासका क्षेत्र** | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.१ साक्षरता र गुणस्तरीय शिक्षा** | | | | | | |
| विद्यालय भवन निर्माण मर्मत सुधार | १० वटा | ३ | ३ | ३ | १ | जिल्ला शिक्षा का., गा.वि.स., अन्य संस्थाहरु |
| विद्यालय भर्ना दर | ८९ प्रतिशत | बढाउने | बढाउने | बढाउने | बढाउने | |
| साक्षरता | ७३ प्रतिशत बाट | बढाउने | बढाउने | बढाउने | बढाउने | |
| शैक्षिक क्यालेण्डर, बालमैत्री शिक्षा, फरक क्षमता भएका नागरिक मैत्री शिक्षा, विद्यालय व्यवस्थापन समितिको सक्रियता (समिति गठन, नियमित वैठक, अनुगमन र अन्तरक्रिया, सामाजिक परिक्षण, वार्षिक भेला, आम्दानी खर्चको कम्तिमा वर्ष १ पटक सार्वजनिकरण) | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| बाल विकास केन्द्रमा सामग्रीहरुको व्यवस्थापन | ९ वटा | ३ | ३ | ३ | - | |
| शिक्षक/शिक्षिका | ५८ जना | १५ जना | १० जना | १५ जना | १८ जना | |
| विद्यालयको भौतिक पूर्वाधार | २४ कोठा | ६ | ६ | ६ | ६ | |
| बालमैत्री शौचालय निर्माण | १० वटा | २ | २ | २ | ४ | |
| पौष्टिक आहाराको भान्सा तथा गोदाम घर निर्माण | १० | ३ वटा | ३ वटा | ३ वटा | १ वटा | |
| **शैक्षिक सामग्री** | | | | | | |
| शैक्षिक सामग्री (कम्प्युटर, | ९ वटा | २ | २ | २ | ३ | |

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| पुस्तकालय, विज्ञान प्रयोगशाला) | | | | | | |
| डेस्क बेन्च | १० विद्यालय | २ | २ | २ | ४ | |
| **२.२ स्वास्थ्य** | | | | | | |
| उपस्वास्थ्य चौकी भवन | २ वटा | १ | १ | | | जि.स्वा.का., गा.वि.स. र अन्य संघसंस्थाहरु |
| शिशु मृत्यु दर, बाल मृत्यु दर, मातृ मृत्यु दर | घटाउने | घटाउने | घटाउने | घटाउने | घटाउने | |
| कुपोषित बालबालिका संख्या | ४४ | घटाउने | घटाउने | घटाउने | घटाउने | |
| गाउँघर क्लिनिक | ४ वटा | २ | २ | | | |
| प्रसुती गृह | १ वटा | १ | | | | |
| स्वास्थ्यकर्मी नियुक्ति | १० जना | २ जना | ३ जना | ३ जना | २ जना | |
| राष्ट्रिय अभियानका कार्यक्रमहरु (पोलियो, हेपाटाईटीस बी, भिटामिन ए र खोपहरु) | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| एच.आई.भी.एड्स तथा प्रजनन् शिक्षा सम्बन्धी अभिमुखिकरण | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | जि.स्वा.का., गा.वि.स. र अन्य संघसंस्थाहरु |
| छाउपडी सचेतना अभियान | ६ पटक | २ | २ | २ | | |
| प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम | ६ पटक | २ | २ | २ | | |
| व्यक्तिगत सरसफाई अभियान | ५ पटक | १ | १ | १ | २ | जि.खा.पा., जि.स्वा.का., गा.वि.स. |
| खानेपानी योजना, ढुङ्गे धाराको मर्मत सम्भार | ९ वटा ५० धारा | ३/७ | ३/१० | २/१४ | १ /१९ | गा.वि.स., संघसंस्था |
| फोहोर व्यवस्थापन टोकरी | ५०० वटा | १०० | १०० | १०० | २०० | गा.वि.स., संघसंस्था |
| चेतनामूलक कार्यक्रमहरु | १० पटक | २ | २ | २ | २ | गा.वि.स., संघसंस्था |
| **२.३ दलित, महिला, बालबालिका, अपाङ्ग, असहाय, वृद्ध** | | | | | | |
| **दलित केन्द्रित क्रियाकलापहरु** | | | | | | जि.वि.स., गा.वि.स., अन्य संस्थाहरु |
| सशक्तिकरण, पहुँच र नियन्त्रण | वडामा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दलित केन्द्रित सीप विकास तालिम | २०० जना | ५० जना | ५० | ५० | ५० जना | गा.वि.स., संघ संस्था |
| **महिला केन्द्रित क्रियाकलापहरु** | | | | | | महिला तथा बालबालिका का., जि.वि.स., गा.वि.स. |
| महिला केन्द्रित क्रियाकलापहरु (घरेलु हिंसा सम्बन्धी चेतनामूलक तालिम) | ९ वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| महिला आयआर्जन तालिम | ६० जना | १५ | १५ | १५ | १५ | |

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| महिला साक्षरता कक्षा | १६ वटा | नियमित | नियमित | नियमित | नियमित | संघसंस्था |
| लैङ्गिक समानता र सामाजिक समावेशीकरण तालिम | ५६० घ.धु. | १०० | १५० | २०० | १०० | |
| **बालबालिका केन्द्रित क्रियाकलापहरु** | | | | | | महिला तथा बालबालिका का., शिक्षा का., जि.वि.स., गा.वि.स. |
| बालबालिका केन्द्रित क्रियाकलापहरु (बाल शैक्षिक सामग्री वितरण) | ६ पटक | १ | २ | १ | २ | |
| बाल बचाउ क्रियाकलापहरु (स्तनपान, खोप, भिटामिन ए, सुरक्षित सुत्केरी आदि) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| बाल संरक्षण क्रियाकलापहरु (जन्म दर्ता आदि) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| बाल शिक्षा | सबैलाई | निरन्तर | निरन्तर | निरन्तर | | |
| बाल सहभागिता क्रियाकलापहरु (बाल कार्यक्रम, बाल आवाज आदि) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| बाल क्लब गठन | १३ वटा | ४ | ४ | ४ | १ | गा.वि.स., संघसंस्था |
| फरक क्षमता भएका व्यक्ति, असहाय, वृद्धवृद्धा केन्द्रित क्रियाकलापहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गा.वि.स., संघसंस्था |
| **द्वन्द पिडित केन्द्रित क्रियाकलापहरु** | | | | | | |
| घटनादर्ता (जन्म, मृत्यु, बसाईंसराई, विवाह) | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गा.वि.स., वडा नागरिक मञ्च |
| सामुदायिक भवन निर्माण | ३ वटा | १ | १ | १ | | गा.वि.स. र अन्य संघसंस्थाहरु |

**क्षेत्रगत कार्यान्वयनका लागि कार्यनीति**

- गा.वि.स.मा शैक्षिक क्यालेण्डर अनुसार शिक्षा गतिविधिहरु सञ्चालन गर्ने
- विद्यालय तथा स्वास्थ्य संस्थाहरुकालागि आवश्यक पूर्वाधारको विकासका लागि श्रोत साधनको खोजी
- रिफ्लेक्ट कक्षा आदिबाट साक्षरतामा वृद्धि गर्ने ।
- पानीजन्य रोगहरुको प्रकोपको न्युनिकरण गर्न स्वास्थ्य तथा सरसफाई गतिविधिहरु सञ्चालन
- लक्षित समुदाय विशेष गरी महिला, दलित, बालबालिका र फरक क्षमता भएकाहरुका लागि सीपमूलक, आयमूलक तालिम सञ्चालन गर्ने ।
- गा.वि.स.मा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भार समिति र कोषको निर्माण
- ५ प्रतिशत घरधुरीको शौचालय निर्माण तथा सरसफाई गतिविधि सञ्चालन गर्ने
- गा.वि.स.मा पारालिगल समितिलाई संस्थागत विकास गर्ने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३. सिंचाई, विद्युतिकरण र वैकल्पिक उर्जा** | | | | | | |
| **३.१ सिंचाई** | | | | | | |
| सिंचित क्षेत्रमा वृद्धि | ४० हे | १० | २० | ३० | ४० | गा.वि.स., |

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| सिंचाई कुलो मर्मत/सम्भार | १९ वटा | ३ | ३ | ५ | ८ | जि.वि.स., सिंचाई कार्यालय, तथा अन्य गै.स.सं. |
| प्लाष्टिक पोखरी निर्माण वर्षातको पानी सङ्कलन | १६ वटा | ३ | ४ | ५ | ४ | |
| तटवन्ध | ५ स्थानमा | २ | २ | १ | | गा.वि.स., जि.वि.स., भू-संरक्षण कार्यालय |
| **३.२ विद्युत सेवा र वैकल्पिक नविकरणीय उर्जा** | | | | | | |
| जल विद्युत/पेल्ट्रिक सेट निर्माण | २ | १ | १ | | | विद्युत प्राधिकरण, गा.वि.स., नविकरणीय उर्जा आयोजना |
| नविकरणीय उर्जा (सौर्य/वायु/गोबर ग्याँस) | ३५६ घ.धु. | ५० | १०० | १०० | १०६ | |
| सुधारिएको चुलो | १०० घ.धु. | २५ | ५० | २५ | | गा.वि.स., संघसंस्था |
| **३.३ सूचना एवं सञ्चार** | | | | | | |
| टेलिफोन/इमेल/ इन्टरनेट/मोबाईल | १ टावर | १ | | | | गा.वि.स., दूर सञ्चार कार्यालय |
| रेडियो/पत्रपत्रिका/ हुलाक घर मर्मत | २५० घ.धु. | ५० | ५० | ५० | १०० | गा.वि.स., क्षेत्रीय हुलाक कार्यालय |

**क्षेत्रगत कार्यान्वयनका लागि कार्यनीति**

- योजनाको दीगो विकासका लागि मर्मत सम्भार कोषको स्थापना र परिचालन गर्ने ।
- पानीका श्रोतहरुको संरक्षण सम्वर्धन गरी स्थानीय साधनको अधिकतम प्रयोग गर्ने ।
- कुलो, पोखरी, आकाबे पानी सङ्कलन ट्याङ्की निर्माण र थोपा सिंचाईका प्रविधिहरु हस्तान्तरण गर्ने ।
- अन्तर निकाय तथा संस्थाहरुसंग समन्वय, सहकार्य गरी श्रोतको व्यवस्थापनमा पहल गर्ने ।
- टेलीफोन टावर निर्माणका लागि नेपाल टेलिकमलाई अनुरोध गर्ने ।

| **४. भौतिक तथा सामाजिक पूर्वाधार क्षेत्र** | | | | | | |
|---|---|---|---|---|---|---|
| **४.१ स्थानीय यातायात** | | | | | | |
| सडक २ वटा | ४५ कि.मी. | १० | १० | १० | १५ | विभिन्न संघसंस्था गा.वि.स., जि.वि.स. |
| घोरेटो बाटो | ५ वटा | १ | १ | १ | २ | |
| झोलुङ्गे पुल,पुल पुलेसा | ७ वटा | १ | १ | २ | ३ | |
| काठे पुल | ५ वटा | २ | २ | १ | | |
| सामुदायिक पूर्वाधार | ८वटा | २ | २ | २ | २ | |
| सङ्कलन केन्द्र | ३ वटा | १ | १ | १ | | |
| पक्की विद्यालय भवन | ४ वटा | १ | १ | १ | १ | |
| त्रिवेणी सामुदायिक रेडियो | १ वटा | | | १ | | |

**क्षेत्रगत कार्यान्वयनका लागि कार्यनीति**

- स्थानीय श्रमको थप लगानीका लागि समुदायलाई अग्रसर गर्ने
- ग्रामीण कृषि सडक निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा सञ्चालन गर्ने

| विषयगत क्षेत्र एवं सूचकहरु | जम्मा लक्ष्य | क्रियाकलापहरुको कार्य योजना | | | | कार्यान्वयन गर्ने संस्था/ निकायहरु |
|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | अन्तिम २ वर्ष | |
| • झोलुङ्गे पुल निर्माणका लागि विभिन्न निकायमा अनुरोध गर्ने<br>• गाउँमा भएका पाटी चौतारीहरुको संरक्षणका लागि नागरिकलाई सचेतना जगाउने | | | | | | |
| **५. सुशासन तथा अन्य** | | | | | | |
| **५.१ भ्रष्टाचार रहित, उत्तरदायी र पारदर्शी शासन व्यवस्था** | | | | | | |
| क्षेत्रगत योजनाहरुको कार्यान्वयन | नियमित | नियमित | नियमित | नियमित | नियमित | गा.वि.स. |
| आवधिक योजनाको नियमित अनुगमन, समीक्षा तथा मुल्याङ्कन | ४ पटक | ० | १ | १ | २ | गा.वि.स. |
| सार्वजनिक सुनुवाई एवं लेखापरिक्षण | नियमित | नियमित | नियमित | नियमित | नियमित | गा.वि.स. |
| स्थानीय संस्थामा लक्षित समुदायको पहुँचमा वृद्धि | ३५ प्रतिशत | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गा.वि.स. |
| स्थानीय श्रोतहरुमा लक्षित समुदायको पहुँच | ३५ प्रतिशत | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गा.वि.स. |
| गा.वि.स.को आवधिक योजना निर्माण | १ पटक | १ | ० | ० | ० | |
| कर्मचारी तालिम | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गा.वि.स. |
| नागरिक वडा पत्रको स्थापना तथा कार्यान्वयन | १ पटक व्यवस्थित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| गा.वि.स.को आवधिक योजनाको अर्न्तगतका कार्यक्रमहरुको ब्रोशर प्रकाशन र सार्वजनिकिकरण | १ पटक | १ | ० | ० | ० | |
| **क्षेत्रगत कार्यान्वयनका लागि कार्यनीति**<br>• गा.वि.स.मा सञ्चालन हुने योजनाहरुको अनिवार्य सार्वजनिक सुनुवाई, समीक्षा र जनलेखा परीक्षण गर्ने<br>• गा.वि.स.को अनुगमन समितिलाई सशक्त बनाउने र प्रत्येक वडामा अनुगमन समितिको गठन गर्ने<br>• आवधिक योजनाको नियमित समीक्षा गर्ने<br>• लक्षित बजेट सही प्रयोजनका लागि लक्षित समुदायलाई सशक्तिकरण गर्ने<br>• गा.वि.स.मा सूचना पाटी र नागरिक वडा पत्र तयार गरी टाँस गर्ने<br>• गा.वि.स.मा सञ्चालन हुने सबै योजनाहरुको लागत बोर्ड राख्ने<br>• गा.वि.स.का क्रमागत योजनाहरुलाई निरन्तरता दिदै गा.वि.स.को दिर्घकालिन लक्ष्य प्राप्ति गर्न अग्रसर रहने<br>• लक्षित समुदायको लक्षित बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडा नागरिक मञ्चलाई संस्थागत विकास गर्ने | | | | | | |
| **५.२ अन्य** | | | | | | |
| स्थानीय सीप, श्रोत साधन परिचालन र अभिवृद्धि | नियमित | नियमित | नियमित | नियमित | नियमित | गा.वि.स., जि.वि.स. |

# ५. साझा सरोकारका विषयवस्तु

## ५.१ जलवायु तथा वातावरण

जलवायु परिवर्तन र यसका असरहरुलाई न्यूनिकरण गर्नका लागि कुडारी गाउँ विकास समितिले देहाय बमोजिमका कार्यनीतिहरु अवलम्वन गर्ने छः

- मानव जन्य प्रकोपहरु न्यूनिकरण गर्न सञ्चार माध्यमबाट चेतनामुलक क्रियाकलापहरु सञ्चालन गर्ने ।
- वन विनास, भू-क्षयलाई रोकथाम गर्न वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने ।
- सामुदायिक वनहरुको वन कार्य योजना निर्माणको लागि जिल्ला वन कार्यालय र अन्य दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।
- वन संरक्षण गर्ने सम्बन्धी नीतिहरु कार्यान्वयन गर्न गराउनको लागि पहल गर्ने ।
- कुडारी गा.वि.स. खुल्ला दिसामुक्त क्षेत्र घोषणा भई सकेको र थप सरसफाई प्रवर्द्धनका क्रियाकलापहरु सञ्चालन गर्ने ।
- खानेपानीका मुहानहरु संरक्षण गर्ने क्रियाकलापहरुलाई प्रोत्साहन गर्ने तथा पानीका वैकल्पिक श्रोतहरु पहिचान एवं प्रयोग गर्ने ।
- वैकल्पिक उर्जाको पहुँचमा वृद्धि गर्न विशेष पहल गर्ने ।
- जैविक तथा दीगो भू-व्यवस्थापन प्रविधिमा आधारित कृषि व्यवसाय प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरु सञ्चालन गर्ने ।
- स्थानीय सडकहरु निर्माण गर्दा स्थानीय हरित सडकको अवधारणा अनुसार निर्माण गर्ने, ठूलो औजार, उपकरण र विष्फोटक पदार्थहरु प्रयोगलाई निरुत्साहित गर्ने ।
- ५ वर्षभित्र गा.वि.स.लाई धुवाँ रहित गा.वि.स.को घोषणा गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ५.२ लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं बालमैत्री स्थानीय शासन

गाउँ विकास समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण एवं बाल विकास सम्बन्धी नीतिहरुलाई व्यवहारिक कार्यान्वयनमा ल्याउनका लागि तपसिल बमोजिमका कार्य नीतिहरु अवलम्वन गर्ने:

- लैङ्गिक समानता सम्बन्धी अभिमुखिकरण गर्ने ।
- गा.वि.स. स्तरमा लैङ्गिक बजेट र यसको लेखापरीक्षण गर्ने परिपाटीको थालनी गर्ने ।
- महिला समूहहरुलाई विकासको मुलधारमा समाहित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गर्ने र निर्णय प्रक्रियामा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- महिला, एकल महिला, असहाय, फरक क्षमता भएका, दलित एवं पिछडा वर्ग एवं अल्पसंख्यकहरुको क्षमता वृद्धि र तिनीहरुको सक्रिय, सिर्जनात्मक सहभागिता, संरक्षण र हेरचाहको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने ।
- बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागितालाई संस्थागत गरी बाल लक्षित क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चित गर्ने ।
- बाल मैत्री स्थानीय शासन कार्य विधि २०६८ लाई प्रभावकारी कार्यान्वयनका लागि गा.वि.स.मा कार्यरत संघसंस्थाहरुमा अभिमुखिकरण गर्ने, गराउने ।
- गा.वि.स.स्तरमा महिला एवं अति विपन्न वर्गलाई विकास प्रक्रियामा मूलप्रवाहिकरण गरी कार्यक्रमहरु सञ्चालन गर्न गा.वि.स. एवं क्षेत्रगत कार्यक्रमहरु पारदर्शि र सहभागितात्मक रुपमा सञ्चालन गरिने छ ।
- महिला समूहहरुलाई विकासको मुलधारमा समाहित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गर्ने र निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता सूनिश्चित गर्ने ।

## ५.३ गा.वि.स.को क्षमता विकास

### क्षमता विकास योजना

| क्र.सं. | विषय वस्तु | कसलाई | बजेट |
|---|---|---|---|
| १ | • स्थानीय निकायको श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९<br>• योजना तर्जुमा कार्यान्वयन,पारदर्शीता र जवाफदेहिता सम्बन्धी<br>• गा.वि.स.को आन्तरिक श्रोत साधन र सरोकारवाला विश्लेषण तथा समन्वय बिस्तार<br>• गा.वि.स.का विनियम निर्माण तथा कार्यान्वयन सम्बन्धी | • गा.वि.स. कर्मचारी, राजनीतिक दलका पदाधिकारी | |

| | | | |
|---|---|---|---|
| २ | • निर्माण पूर्व व्यवस्थापन सम्बन्धी<br>• निर्माण पश्चात मर्मत संभार तालिम | • उपभोक्ता समिति | |
| ३ | • स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र चरण<br>• वडा नागरिक मञ्चको काम कर्तव्य र अधिकार सम्बन्धी | • वडा नागरिक मञ्च नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु | |
| ४ | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता विकास | • दलित, महिला, सञ्जाल समूह तथा बालबालिकाहरु | |
| ५ | • आय आर्जन तथा सीप विकास तालिम | • लक्षित समुदायलाई | |
| ६ | • नयाँ खोज अनुसन्धान तथा उत्कृष्ठ योजना निर्माण गर्ने उ. भो. स. लाई सम्मान गर्ने | • उपभोक्ता समितिलाई | |

## ६. कार्यक्रमको वित्तीय श्रोत प्रक्षेपण

कुडारी गा.वि.स.को आवधिक योजनाले लक्षित गरेका क्रियाकलापहरु सञ्चालनको लागि तपसिल बमोजिमको बजेट प्रक्षेपण गरिएको छः

| विवरण | आर्थिक वर्ष र बजेट (रु. हजारमा) | | | अन्तिम २ वर्ष | जम्मा बजेट |
|---|---|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | | |
| **क) गा.वि.स.को आन्तरिक श्रोतबाट** | | | | | |
| १. मालपोत कर | २० | ३५ | ३९ | ७८ | १७२ |
| २. सिफारिस तथा पञ्जिकरण कर | ५ | १० | १० | २० | ४५ |
| ३. वन तथा जडिबुटी निकासी कर | ० | १० | ११ | २२ | ४३ |
| ४. व्यवसाय सञ्चालन कर | ० | २ | ५ | १० | १७ |
| ५. घर कर | ५ | १० | १५ | ३० | ६० |
| ६. गिटी बालुवा कर | १० | १५ | २० | ४० | ८५ |
| ७. मनोरञ्जन कर | ० | १ | २ | ५ | ८ |
| ८. अन्य: दण्ड जरिवाना | १ | १ | १ | २ | ५ |
| **जम्मा (क)** | **४१** | **८४** | **१०३** | **२०७** | **४३५** |
| **ख) गा.वि.स.को वाह्य श्रोतबाट** | | | | | |
| गा.वि.स. अनुदान | १०५० | १९५० | १९५० | ३९०० | ८८५० |
| कर्णाली रोजगार | १५०० | २४०० | ३००० | ६००० | १२९०० |
| सामाजिक सुरक्षा भत्ता | १८०० | २००० | २५०० | ५००० | ११३०० |
| बालपोषण | १९०० | १९०० | २५०० | ५००० | ११३०० |
| **जम्मा (ख)** | **६२५०** | **८२५०** | **९९५०** | **१९९००** | **४४३५०** |
| **ग) गा.वि.स.मा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोग** | **२०७७०** | **२१०००** | **२३०००** | **४५०००** | **१०९,७७०** |
| **कुल जम्मा (क+ख+ग)** | **२७,०६१** | **२९,३३४** | **३३,०५३** | **६५,१०७** | **१५४,५५५** |

## ७. गा.वि.स.को आन्तरिक श्रोत/राजश्व वृद्धिका सम्भावना तथा क्षेत्रहरु

कुडारी गा.वि.स.को दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरु हाँसिल गर्न गा.वि.स.को आफ्नै साधन र स्रोत अपरिहार्य हुन्छ । वाह्य श्रोतको निर्भरताले मात्र गा.वि.स.ले निर्दिष्ट गरेका उद्देश्यहरु पूर्ती र स्वायत्त निकायको रुपमा विकास गर्न सक्दैन । दीर्घकालीन रुपमा राजश्व वृद्धिका लागि यस गा.वि.स.भित्र निम्न सम्भावनाहरु देखिन्छन्:

- गा.वि.स.भित्र सम्भाव्य आम्दानी श्रोत पहिचानको लागि अनुसन्धान एवं अध्ययन गर्ने ।
- तीला नदीमा जलविहारका अवसरहरु अध्ययन गरी आम्दानीका सम्भावनाहरु यकिन गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवा करलाई व्यवस्थित गर्ने ।
- मालपोत, आवास कर, सिफारिस तथा पञ्जिकरण, निकासी तथा व्यवसाय करलाई तदारुकताका साथ असुल गर्ने ।

## ८. आवधिक योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ८.१ कार्यान्वयन

आवधिक योजनाको दस्तावेज तयार भए पश्चात यसलाई तुरुन्त कार्यान्वयनमा ल्याईने छ । यो दस्तावेजलाई गाउँ विकास समितिको एकिकृत योजना तर्जुमा समिति र परिषद्मा समेत पेश गरी अनुमोदन गरिएको छ । यो दस्तावेज कार्यान्वयनको मुख्य जिम्मेवार निकाय कुडारी गाउँ विकास समिति नै हुने हुँदा यस गा.वि.स.मा कार्यरत सरकारी तथा गैरसरकारी एवं अन्य विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिने छ । वार्षिक योजना बनाउँदा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको वार्षिक योजनाको ढाँचा एवं निर्देशिका अनुसार बनाइने छ । हरेक वर्ष आवधिक योजनामा उल्लेखित लक्ष्यहरु गाउँ विकास समितिको वार्षिक योजनामा ल्याई कार्यान्वयन गरिने छ । आवधिक योजना कार्यान्वयन गर्दा देखापर्ने समस्याहरु एवं विवादहरु आपसी छलफलबाट टुङ्गो लगाईने छ । साथै हरेक वर्ष आवधिक एवं वार्षिक योजनाको समीक्षा गरी आवधिक योजनालाई अद्यावधिक समेत गरिने छ ।

### ८.२ अनुगमन तथा मूल्याङ्कन

गाउँ विकास समिति र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुबाट कुडारी गाउँ विकास समितिभित्र सञ्चालन हुने हरेक क्रियाकलापहरुलाई प्रभावकारी, पारदर्शी र जवाफदेहि तरिकाले कार्यान्वयन भए नभएको यकिन गरी राय, सल्लाह, सुझाव दिन नीतिगत व्यवस्था भए अनुसार तपसिल बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति हुनेछ ।यस समितिको भूमिका एवं जिम्मेवारी स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसार हुनेछ । यस समितिले गाउँ विकास समितिको आवधिक योजना तथा वार्षिक योजनाले लक्षित गरेका क्रियाकलापहरु कार्यान्वयन भए नभएको समेत अनुगमन तथा मूल्याङ्कन गर्ने छ ।

**उल्लेखित अनुगमन तथा सुपरिवेक्षण समितिले गा.वि.स. क्षेत्रभित्र सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन गरी सुझाव सहितको प्रतिवेदन गाउँ परिषद्मा पेश गर्नेछ ।**

- गाउँ विकास क्षेत्र अन्तर्गत सञ्चालित योजनाहरुको एकल एवं संयुक्त रुपमा सूचकको आधारमा अनुगमन गरिने छ
- सञ्चालित योजना नियमित रुपमा सुपरिवेक्षणको व्यवस्था मिलाइने छ ।

## ९. सार्वजनिक एवं लैङ्गिक परीक्षण

**क) सार्वजनिक सुनुवाई, समीक्षा एवं लेखापरीक्षण**
कुडारीगाउँ विकास समितिको आवधिक एवं वार्षिक क्रियाकलापहरुको सूचना एवं जानकारी गा.वि.स.भित्र र यससँग सरोकार राख्ने विभिन्न संघकसंस्था, समुदायलाई सर्वसुलभ रुपमा उपलब्ध गराईने छ । यसैगरी गा.वि.स.मा बसोबास गर्ने समुदायलाई माथि उल्लेखित सुचनाहरुको पहुँच र गा.वि.स. र सेवा प्रदायकहरुबाट प्रदान गरिने सेवाको प्रभावकारिता सुनिश्चित गर्न हरेक वर्ष आवश्यक्ता अनुसार सार्वजनिक सुनुवाई, समीक्षा तथा कार्यक्रमहरुको सार्वजनिक/ परीक्षण समेत गरिने छ र परीक्षणबाट प्राप्त सूचनाहरु सार्वजनिक गरिने छ ।

रु. दुई लाखभन्दा माथिको लागतमा सम्पन्न हुने योजनाहरुको लागत विवरण सहितको सार्वजनिक सूचना पाटी ( होर्डिङ्ग बोर्ड) योजना स्थलमा राखिने छ । साथै अन्य विकास साझेदार संस्थाहरुलाई पनि सार्वजनिक सूचना पाटी राख्नको लागि सु-सूचित गरिने छ ।

गाउँ विकास समितिले आफ्नो कोषमा प्राप्त हुने आम्दानी खर्चको नियमानुसार प्रत्येक वर्ष आन्तरिक एवं अन्तिम लेखापरीक्षण गरी सोको सार्वजनिकिकरण गरिने छ र परिषद् बैठकमा समेत पेश गरिने छ । लेखा परीक्षकको निर्देशन बमोजिम बेरुजु फछ्र्यौट गरिने छ र असुल उपर गर्नुपर्ने भएमा रकम असुल उपर समेत गरिने छ ।

**ख) लैङ्गिक परीक्षण**
स्थानीय निकाय र यसका सबै साझेदार संस्थाहरुको नीति र कार्यक्रमहरुमा लैङ्गिक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी समतामुलक विकास एवं प्रवर्द्धन गरी संस्थागत गर्ने । यसका लागि देहाय बमोजिमका उद्देश्यहरु लिई सोको कार्यान्वयन गर्ने र गराईने छः

- स्थानीय निकायको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने ।
- लैङ्गिक समानता तथा समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र कार्य योजनामा स्थान दिने
- स्थानीय निकायको श्रोत परिचालन, बजेट विनियोजन तथा खर्चलाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिले अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणका प्रतिवद्धताहरुलाई लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षणद्वारा अनुगमन एवं मूल्याङ्कन गरी राष्ट्रिय एवं सहस्राब्दी विकासका लक्ष्यहरुलाई टेवा पुऱ्याउने ।
- लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी सुशासन व्यवस्थालाई संस्थागत गर्ने ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको निर्देशिका अनुसार हरेक वर्ष लैङ्गिक लेखापरीक्षण गरिने छ ।

## १०. जिल्लाको आवधिक योजना, त्रिवर्षीय अन्तरिम योजना र सहश्राव्दी लक्ष्यमा योगदान

यस गा.वि.स.को आवधिक योजनाको अन्तर सम्बन्ध जिल्ला विकास समितिको आवधिक योजनासँग रहेको छ । गा.वि.स.भित्र सञ्चालन गर्न सकिने ठूला आयोजनाहरु गा.वि.स.मा उपलब्ध हुने साधन र स्रोतले नपुग्ने हुँदा जिल्ला एवं राष्ट्रिय योजनाको रुपमा लिईएको छ । जिल्लाको आवधिक योजनाको रणनीति अनुसार एवं प्राथमिकताका क्षेत्र अनुसार नै यस गाउँ विकास समितिको आवधिक योजना तयार गरिएको छ । यस आवधिक योजनाले कृषि, वन, व्यापार र पूर्वाधारलाई विशेष जोड दिँदै सुशासनको माध्यमबाट समुन्नत गाउँ विकास गर्ने परिकल्पना गरेको छ ।

यसैगरी त्रिवर्षीय अन्तरिम योजना **२०७०/०७१- ०७२/०७३** को सुशासन कार्यनीति अनुसार निम्न विषय र क्षेत्रमा योगदान गर्दछ ।

- शिक्षा, स्वास्थ्य, कृषि, पशु र अन्य सेवा प्रदायक स्थानीय स्तरका संस्थाहरुसँग समन्वय गरी सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको संलग्नता बढाउने ।
- सार्वजनिक सेवाको प्राप्तिलाई सुनिश्चित बनाउन सेवा प्रवाहको अनुगमनको व्यवस्थालाई प्रभावकारी बनाउने ।
- सेवा प्रवाहको प्रक्रियालाई पारदर्शी, स्पष्ट र विधिसम्मत बनाउन सेवा प्रवाहमा कार्यविधि र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सबै वर्ग, क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दीगो शान्ति र विकासमा लक्षित वर्गको पहुँचलाई सशक्त बनाउने जस्ता कार्यनीतिमा यस आवधिक योजनाले योगदान पुऱ्याउने छ ।

यस आवधिक योजनाले सहश्राब्दी लक्ष्य हाँसिल गर्ने क्रममा कृषि क्षेत्रलाई बढि महत्व दिएको हुँदा यसबाट स्वःरोजगारमा वृद्धि गर्ने, भोकमरी घटाउने कार्यमा योगदान गर्दछ । त्यसैगरी आवधिक योजनाले समावेशी विकास, लैङ्गिक समानता र सशक्तिकरणमा जोड दिईएको छ । लैङ्गिक समता अभिवृद्धि, बाल शिक्षा, सुरक्षित मातृत्व, एच.आइ.भी. एड्स जस्ता चेतनामूलक क्रियाकलापहरुलाई आवधिक योजनाले विशेष जोड दिएको छ । त्यसैगरी जलवायु परिवर्तन र यसको प्रभावलाई न्यून गर्ने क्रियाकलापहरु जस्तैः वन विकास, वन संरक्षण, भू-क्षय नियन्त्रण, पानीको मुहान संरक्षण एवं मानव जन्य प्रकोप नियन्त्रण गर्ने क्रियाकलापहरु आवधिक योजनामा समावेश भएका छन् । सुरक्षित खानेपानी र सरसफाईका क्रियाकलापहरुलाई आवधिक योजनाले विशेष प्राथमिकतामा राखेको छ ।

गाउँ विकास आवधिक योजनाको जिल्ला एवं राष्ट्रिय योजनाको सूचकहरुसँगको अन्तर सम्बन्ध देहाय बमोजिम हुनेछः

| क्र.सं. | गा.वि.स.को आवधिक योजनाका सूचकहरु | जिल्ला आवधिक योजनाका सूचकहरु | त्रिवर्षीय अन्तरिम योजनाका सूचकहरु |
|---|---|---|---|
| १. | ५८० घरधूरीहरु व्यवसायिक कृषि तथा गैरकृषि क्रियाकलापमा संलग्न भई वार्षिक औषत रु. १ करोड वरावरआम्दानी गरी जीवनस्तरमा सुधार भएको हुनेछ । | - व्यवसायिक कृषि तथा गैरकृषि उपजहरुको निर्यातबाट १५ करोड बराबरको आम्दानी भएको हुनेछ । | - कृषि तथा गैरकृषि क्षेत्रको आम्दानी वृद्धि दर प्रतिशत क्रमशः १.३ बाट ४.५ र ५ बाट ६.७ पुऱ्याउने । |
| २. | १५ हेक्टर क्षेत्रफलमा २५००० हजार विरुवाहरु वृक्षारोपण, भू-क्षय रोकथाम तथा प्रकोप व्यवस्थापन गरी जलवायु परिवर्तका असरहरु न्यूनिकरण भएको हुनेछ । | - ५००० हेक्टर खाली क्षेत्र मध्ये २५०० हेक्टरमा वृक्षारोपण भएको हुनेछ । साथै अतिक्रमण भएको १५ प्रतिशत वन क्षेत्र ५ प्रतिशतमा घटेको हुनेछ । | - वन जङ्गलले ढाकेको क्षेत्रफल ३९ प्रतिशतबाट ४० प्रतिशतमा पुऱ्याउने ।<br>- जलवायु परिवर्तनसँग अनुकुल हुने गरी विकास कार्यक्रम सञ्चालन गर्ने । |
| ३. | गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक पूर्वाधार सहितका कार्यक्रमबाट लक्षित वर्गको सामीजिक अवस्थामा सुधार भएको हुनेछ ।<br>- १०० साक्षरता प्रतिशत पुऱ्याउने<br>- विद्यालय भर्ना दर २० प्रतिशत वृद्धि<br>- ९५ प्रतिशत घरधुरीको एकिकृत स्वास्थ्य सेवामा पहुँच | - ६ वर्ष माथिको साक्षरता ७५% र १५ वर्ष माथिको साक्षरता ६९% र खुद भर्ना दर प्राथमिक तह ९८%, आधारभुत तहमा ७० र मा.वि.तहमा ६९% पुऱ्याउने । साथै बाल विकास केन्द्रबाट कक्षा १ मा खुद प्रवेश दर ९५% पुऱ्याउने ।<br>- एकिकृत स्वास्थ्य सेवा जस्तैः स्वास्थ्यकर्मीबाट प्रसुती गराउने ४२ बाट ६० प्रतिशत, एक वर्षभित्रका | - प्रा.वि. तहको विद्यालय भर्ना दर ९५.३ बाट १०० प्रतिशत पुऱ्याउने ।<br>- मातृ मृत्यु दर प्रति लाख २२९ बाट १३४ मा पुऱ्याउने ।<br>- औषत आयु ६९ वर्षबाट ७१ मा पुऱ्याउने । |

| | | | |
|---|---|---|---|
| | | बालबालिकाहरुले पूर्ण खोप मात्र गरेको १०० प्रतिशत र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेको प्रतिशत ६० बाट ८० पुऱ्याउने । | |
| ४. | स्थानीय साधन र श्रोतहरु परिचालन गरी खानेपानी, सरसफाई, सिंचाई तथा विद्युत जस्ता सेवाहरुको पहुँचमा वृद्धि भएको हुनेछ ।<br>- १४ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानी र सरसफाईमा पहुँच<br>- १०० हेक्टर कृषि योग्य जमिन सिंचित<br>- १०४६ घरधुरीहरु विद्युत र वैकल्पिक नविकरणीय उर्जामा पहुँच | - स्वस्थ खानेपानीको सुविधा १०० प्रतिशत घरधुरीमा पुऱ्याउने ।<br>- जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्ने<br>- बाल मैत्री र अपाङ्ग मैत्री शौचालयको प्रतिशत क्रमशः १० बाट १०० र ० बाट १५ प्रतिशत पुऱ्याउने ।<br>- बाह्रै महिना सिंचित हुने कृषि योग्य जमिनको क्षेत्रफल २२०० बाट ७००० हे. र अर्ध सिंचित क्षेत्रफल ८५१ बट १५०० हे. पुऱ्याउने ।<br>- १०० प्रतिशत घरधुरीमा वैकल्पिक उर्जाको प्रविधिहरु पुऱ्याई लघु तथा साना जल विद्युतबाट १२ गा.वि.स.मा विद्युतिकरण गर्ने । | - स्वस्थ खानेपानी ८५ प्रतिशतबाट ९६.२५<br>- सरसफाई सुविधा ६२ बाट ९०.५ प्रतिशत पुऱ्याउने<br>- १३१७००० बाट १४९२३१५ हे. क्षेत्रफलमा सिंचाई सुविधा पुऱ्याउने ।<br>- ६७.३ बाट ८७ प्रतिशत जनसंख्यालाई विद्युत सेवामा पहुँच पुऱ्याउने । |
| ५. | साधन र श्रोतको परिचालन गरी स्थानीय सडक निर्माण तथा बिस्तार गरी यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।<br>- ४५ कि.मी. स्थानीय सडक निर्माण<br>- ७ वटा झो.पु./पक्की पुल निर्माण | - स्थानीय सडक १४२ बाट २०० कि.मी. मा पुऱ्याउने<br>- बाह्रै महिना सञ्चालन भईरहेको कि.मी. ८७ बाट १५० कि.मी. पुऱ्याउने ।<br>- पक्की पुलको संख्या १ बाट ६ मा पुऱ्याउने | - २५७४८ बाट २८७४८ कि.मी. सडक बिस्तार<br>- सबै जिल्लाहरुमा सडक सञ्जाल बिस्तार गर्ने । |
| ६. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, पारदर्शिता र जवाफदेहिता सहितको सुशासनको अभ्यासमा वृद्धि भएको हुनेछ ।<br>- गाविसमा सञ्चालन हुने सबै विकास निर्माणका योजनाहरुको सामाजिक/सार्वजनिक सुनुवाई, समीक्षा एवं लेखापरीक्षण<br>- वर्षमा कम्तिमा एक पटक लैङ्गिक लेखापरीक्षण<br>- कम्तिमा ३५ प्रतिशत बजेट लक्षित वर्गको लागि विनियोजना गरी उद्देश्यमुलक कार्यमा खर्च भएको<br>- गाविसमा १५ प्रतिशत बजेट कृषि वन तथा वातावरणको क्षेत्रमा विनियोजन भई कार्यान्वयनमा आएको हुने । | - बाल विवाहको दरमा ८० प्रतिशतले कमी ल्याउने ।<br>- बहुविवाहको दरमा ७० प्रतिशतले कमी ल्याउने ।<br>- स्थानीय स्तरका हरेक संरचना, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउने । | - सार्वजनिक तथा अन्य क्षेत्रहरुमा सुशासन कायम गर्ने ।<br>- लक्षित वर्ग, क्षेत्र र समुहको आर्थिक र सामाजिक सशक्तिकरण अभिवृद्धि गर्ने । |

## ११. जोखिम पक्ष र त्यसको न्यूनिकरण

आवधिक योजना कार्यान्वयनमा हुन सक्ने जोखिम र त्यसको न्यूनिकरण कार्यनीति तल उल्लेख गरिएको छ:

| जोखिम पक्ष | न्यूनिकरणका कार्यनीति |
|---|---|
| १. नेपाल राजनैतिक रुपमा पुन:संरचनामा अगाडि बढिरहेको परिवेशमा गाउँ विकास समितिको संरचना हुने या नहुने वा फेरबदल हुन सक्ने । | १. वडा वा बस्ती स्तरमा पहिचान भएका आवश्यकता र अवसरहरुलाई नयाँ बन्ने संरचनाले सम्बोधन गर्न सक्ने । |
| २. आवधिक योजना निर्माण गर्दा केही सरोकारवालाहरुको अनुपस्थितिले यस योजनाको कार्यान्वयनमा कमी आउन सक्ने । | २. आवधिक योजनाको ब्रोशर तयार गरी समयमै सूसुचित गर्नुका साथै सोको कार्यान्वयनका लागि नीतिगत पहल गर्ने । |
| ३. गाउँ विकास समितिमा सिमित मानव श्रोतको कारणले यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमनमा कमी हुन सक्ने । | ३. गाउँ विकास समितिको क्षमता विकास योजनालाई विशेष प्राथमिकता दिई कार्यान्वयनमा ल्याउने । |
| ४. राजनीतिक दलहरुको आ-आफ्नै अनुकुलका कार्यक्रम मात्र कार्यान्वयन गर्ने परिपाटीले साधन र श्रोतको तोडमोड हुन सक्ने । | ४. राजनीतिक दलहरुको र यससँग सरोकारवाला निकायहरुको प्रतिवद्धता सुनिश्चित गराउने । |
| ५. गा.वि.स.मा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुको श्रोत र सहयोग गर्ने प्राथमिकता क्षेत्र परिवर्तन हुन सक्ने । | ५. गा.वि.स.को आन्तरिक वृद्धि गर्नुका साथै गा.वि.स.को आवश्यकताको आधारमा लगानी गर्न पहल गर्ने । |
| ६. जलवायु परिवर्तन र यसको असर | ६. योजना तर्जुमा गर्दा वातावरण अनुकुलका उपायहरु अवलम्वन गर्नुका साथै असरलाई न्यूनिकरण गर्न स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको न्यायोचित उपयोग गर्ने । |

**अनुसूची १: गा.वि.स.मा काम गरिरहेका विकास साझेदार निकायहरुको विवरण**

| कार्यक्रमको क्षेत्र | कार्यक्रम गर्ने निकाय/संस्था | वार्षिक बजेट (रु. हजारमा) | स्थान/वडा | लाभान्वित घरधुरी | मुख्य क्रियाकलापहरु | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| **१.आर्थिक विकास**<br>कृषि | जिल्ला कृषि विकास कार्यालय | २० | १-९ | १०४६ | कृषि प्रसार कार्यक्रम | नेपाल सरकार |
| | आर.डि.जी.वी. | ५०० | १-९ | १०४६ | जीविकोपार्जन | वर्ल्ड भिजन नेपाल |
| | कास्डा | १९ | १ | १५० | जीविकोपार्जन सुधार कार्यक्रम | वर्ल्ड भिजन नेपाल |
| | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र जुम्ला | ७३ | १-९ | १०४६ | सीप विकास तथा आयआर्जन | नेपाल सरकार |
| वन | जिल्ला वन कार्यालय | २० | १-९ | १०४६ | सामुदायिक वन क्षमता विकास तथा वन संरक्षण | नेपाल सरकार |
| पशु | जिल्ला पशु सेवा कार्यालय | २५ | १-९ | १०४६ | पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम | नेपाल सरकार |
| **२.सामाजिक विकास**<br>शिक्षा | जिल्ला शिक्षा कार्यालय | ४३० | १-९ | १०४६ | विद्यालय सहयोग कार्यक्रम | नेपाल सरकार |
| | दलित सेवा संघ | १५२४ | १-९ | १०४६ | शिक्षा कार्यक्रम | वर्ल्ड भिजन नेपाल |
| | किर्डाक नेपाल | ८०५ | १-९ | १०४६ | शिक्षामा पहुँच कार्यक्रम | यूनिसेफ |
| स्वास्थ्य | जिल्ला स्वास्थ्य कार्यालय | १५० | १-९ | १०४६ | नियमित खोप तथा स्वास्थ्य परामर्श, उपचार | नेपाल सरकार |
| | सादा नेपाल | ५५० | १-९ | १०४६ | सुरक्षित मातृत्व तथा पोषण कार्यक्रम | वर्ल्ड भिजन |
| लक्षित समुदाय | आई.एन.एफ. | ५८८३ | १-९ | ३५४ | सामुदायिक स्वास्थ्य तथा पोषण कार्यक्रम | आई.एन.एफ. |
| | सादा नेपाल | १३३ | १-९ | १५० | बालबालिका स्पोन्सरसीप कार्यक्रम | वर्ल्ड भिजन नेपाल |
| **३.जलश्रोत विकास र विद्युतिकरण (खानेपानी, सिंचाई, विद्युत)** | रेडक्रस | ६३० | १-९ | १०४६ | खानेपानी तथा सरसफाई कार्यक्रम | |
| **४.ग्रामिण यातायात पूर्वाधार** | सेडा नेपाल | ८००० | १-९ | १०४६ | आय आर्जन तथा भौतिक पूर्वाधार | गरिवी निवारण कोष |
| | सूर्य सामाजिक सेवा संघ 4S | १४४३ | ६-७ | २२६ | झोलुङ्गे पुल निर्माण | TBSU -Helvetas |
